जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

**लोकतन्त्रको आधार: सूचनाको अधिकार**

- सूचना दिने र लिने संस्कृतिको विकास गरौं,
- सार्वजनिक निकायहरु खुला, पारदर्शी, उत्तरदायी एवं जवाफदेही बनौं,
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो,
- सूचनाको हकसम्बन्धी ऐन नियमको पूर्ण पालना गरौं र गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक ४६ • २०८० साल असार २० गते बुधबार (5 July, Wednesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## उपप्रमुख मीरा र उनका श्रीमान विरुद्ध पक्राउ पुर्जी

**मनोज माझी**

राजविराज । नेपाल र भारतका समेत गरी दुइ देशको नागरिकता लिएको आरोपमा सप्तरीकोडाक्नेश्वरीनगरपालिकाकी उपप्रमुख मीराकुमारी यादव र उनका श्रीमान महेन्द्र कुमार यादव विरुद्ध पक्राउ पुर्जी जारी गरिएको छ।



उच्च अदालत जनकपुर-राजविराज इजलासले मंगलबार दुबै जनालाई नागरिकता सम्बन्धी कसूर मुद्दामा अनुसन्धानका लागि पक्राउ गर्न अनुमति प्रदान गरेसंगै पक्राउ पुर्जी जारी भएको प्रहरीले जनाएको छ।

**उच्च अदालत जनकपुर-राजविराज इजलासले मंगलबार दुबै जनालाई नागरिकता सम्बन्धी कसूर मुद्दामा अनुसन्धानका लागि पक्राउ गर्न अनुमति प्रदान गरेसंगै पक्राउ पुर्जी जारी भएको प्रहरीले जनाएको छ ।**

प्रहरी उपरीक्षक नरेन्द्र कुमार कार्कीले पक्राउ पुर्जी जारी भएसंगै उपप्रमुख मीरा र उनका श्रीमान महेन्द्रको खोजतलास सुरु गरिएको जनाएका छन् ।

डाक्नेश्वरी नगरपालिका ३ का कृष्णकुमार यादवले दुई महिनाअघि उच्च अदालत जनकपुर-राजविराज इजलासमा दायर गरेको मुद्दामा गत जेठ ५ गते न्यायाधीशद्वय हरिप्रसाद भण्डारी र तेजनारायण सिंह राइको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालयको नाउमा परमादेश जारी गरेको थियो।

परमादेश जारी भएपछि असार १७ गते जिल्ला प्रहरी कार्यालय सप्तरीले मुद्दा दर्ता गरेको थियो । कृष्णाले भारतीय नागरिक मीरा नेपालको नागरिकतासमेत लिइ उपमेयर बनेको र प्रहरी, प्रशासनले मुद्दा दर्ता गर्न नमानेको भन्दै उच्च अदालतमा परमादेशको माग गर्दै रिट दायर गरेका थिए।

उपप्रमुख मीराकुमारी यादव र उनका श्रीमान महेन्द्रकुमार यादव भारतको विहारस्थित मझारी पञ्चायत अन्तर्गतको मझारी गाउँका स्थानीय भएको दाबी गर्दै ०७९ साउनमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी परेको थियो । मीरा, महेन्द्रसहित उनीहरुका सन्तानले समेत झुठा विवरण पेश गरेर नेपाली नागरिकता लिएको उजुरीमा उल्लेख छ।

भारतको मतदाता सूचीमा मीराको नाम रहेको दाबी उजुरीमा गरिएको छ। अनुमण्डलीय न्यायालय, निर्मलीमा महेन्द्र र मीराले पेश गरेको शपथपत्र तथा भारतको निर्वाचन आयोगबाट लिएको पहिचानपत्र समेतबाट उनीहरू भारतीय रहेको प्रमाण पनि उजुरीमा समावेश गरिएको छ।

## मधेश प्रदेशमा उपभोक्ता समिति र ठेक्काको काम जारी

### समयमै कार्य सम्पन्न हुनेमा आशंका, आगामी आर्थिक वर्षमा भुक्तानी हुने आश्वासन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा असारको मध्यसम्म पठाइएका योजना र बजेटको काम जारी रहेको छ। उपभोक्ता समिति र ठेक्कामार्फत भइरहेका करोडौंको काम असार २४ गते भित्र सम्पन्न हुने सम्भावना छैन् ।

पूर्व मुख्यमन्त्री लालबाबु राउतको पर्सा जिल्लाको प्रदेश सभा निर्वाचन क्षेत्रमा १९ गते सम्म ढलानको काम भइरहेको छ । कतिपय योजनाहरुको काम अझै अधुरो नै छ।ती कामहरु सम्पन्न हुन अझै केही समय लाग्ने बताइन्छ।

भौतिक पूर्वाधार कार्यालय पर्साले चालु आर्थिक वर्षमा अधिकांश काम उपभोक्ता समितिमार्फत गराइरहेको छ । त्यसमध्ये धेरै काम निर्धारित समय भित्र सम्पन्न हुने देखिदैन् ।

सर्लाही जिल्लामा असारको दोस्रो हप्तासम्म बजेट गएको छ । कतिपय उपभोक्ता समितिलाई थप बजेट उपलब्ध गराइएको छ। तर अधिकांश काम कमसल रहेका छन् । धेरै योजना पूरा हुने देखिएको छैन् ।

सरकारले समयमा बजेट उपलब्ध नगराउँदा मधेश प्रदेशमा हरेक वर्ष समस्या आउने गरेको जनता समाजवादी पार्टी( जसपा)का नेता एवं पूर्व सभासद अशोक यादवले बताए।

'असार महिनाको पहिलो हप्तामा काम सम्पन्न भइसक्नु पर्ने हो' उनले भने, तर दोस्रो हप्तासम्म बजेट नै आउने गरेको छ। सरकारकै गलत नीतिका कारण प्रदेशमा विकास निर्माणको गुणस्तरीय काम नहुने गरेको उनको कथन छ।

'असार महिनाको अन्तिमसम्म पनि काम हुन नसक्दा अधुरा रहेका योजनाहरुको भुक्तानी रोकिन्छ ' उनले भने, तर प्रदेश सरकारले फ्रिज भइसकेको रकम अर्को आर्थिक वर्षमा बजेट नै विनियोजन गरेर भुक्तानी गरिन्छ।

- **सरकारले समयमा बजेट उपलब्ध नगराउँदा मधेश प्रदेशमा हरेक वर्ष समस्या आउने गरेको जनता समाजवादी पार्टी( जसपा)का नेता एवं पूर्व सभासद अशोक यादवले बताए ।**
- **'असार महिनाको पहिलो हप्तामा काम सम्पन्न भइसक्नु पर्ने हो' उनले भने, तर दोस्रो हप्तासम्म बजेट नै आउने गरेको छ । सरकारकै गलत नीतिका कारण प्रदेशमा विकास निर्माणको गुणस्तरीय काम नहुने गरेको उनको कथन छ ।**

आर्थिक वर्ष ०७८/०७९ को बक्यौता रकम मध्ये ४४ करोड आगामी आर्थिक वर्षमा विनियोजन गरिएको छ। त्यसका लागि प्रदेशसभाका सभासदहरुको छानबिन समिति गठन गरी प्रदेश सभाले सो प्रतिवेदन पारित गरी प्रदेश सरकारलाई रकम भुक्तानी गर्न निर्देशन दिने गरेको छ।

चालु आर्थिक वर्षमा असार २४ गतेसम्म भुक्तानी गरिसक्नुपर्ने समय सीमा निर्धारण गरिएको छ ।तर अहिलेदेखि नै स्थानीय सरकार , प्रदेश सरकार र संघीय सरकारको भुक्तानी प्रक्रियामा समस्या आउन थालेको कर्मचारीहरुले बताउन थालेका छन् ।

दिनभरि सर्भरमा प्रायः काम नहुने लेखा सम्बद्ध कर्मचारीहरुले बताएका छन् । देशैभरिको दबाब हुने भएकाले मूल सर्भर नै काम गर्न छाड्ने गरेकाले तोकिएको समय भन्दा कम्तीमा ३/४ दिन अगावै भुक्तानी भइसक्नुपर्ने उनीहरुको कथन छ।

भौतिक पूर्वाधार सम्बन्धी कार्यको मूल्यांकन र प्रतिवेदन बनाउन समेत समय लाग्ने गरेको छ । प्राविधिकहरुले एकै पटक कयौं योजनाहरुको प्रतिवेदन दिनुपर्ने बाध्यता भएकाले समयमै काम सम्पादन गर्न कठिन रहेको बताइन्छ।

समयमै काम सम्पादन गराउन स्थानीय, प्रदेश र संघीय सरकारले बजेट निकासा दिनु समय निर्धारण नगरेसम्म बेथिति नहट्ने इञ्जिनियर सुशील यादवले बताए।

'प्राविधिकलाई नापजाँच गरी प्रतिवेदन बनाउन समय लाग्छ 'उनले भने, तर २४ गतेसम्म काम नै हुने भएकाले त्यसको बिल बनाउन सहज छैन् । असोज महिनादेखि अख्तियारी दिएर वैशाख महिनासम्म मात्र योजना र बजेट वितरण गर्नुपर्ने उनको कथन छ। तर हरेक वर्ष असारको दोस्रो हप्तासम्म योजना र बजेट वितरण हुने गरेको उनले अनुभव बताए।

सबै तहको सरकार जिम्मेवार भएर बेथिति नहटाए हरेक आर्थिक वर्षमा फ्रिज भइसकेको रकम अर्को आर्थिक वर्षमा ऐन छलेर भुक्तानी गर्ने गैरकानुनी काम बढ्दै गएको छ।

प्रदेश अर्थ मन्त्रालय सम्बद्ध एकजना अधिकृतका अनुसार वित्तीय अनुशासन कायम गर्न सरकार नै जिम्मेवार देखिएन् । अरुको थाप्लोमा दोष थुपार्ने र वर्षभरि ठेकेदार, उपभोक्ताको तनाव झेल्नु भन्दा थिति बसाल्नु आवश्यक रहेको उनले बताए।

चालु आर्थिक वर्षमा पनि कयौं करोड रुपैयाँ भुक्तानी हुन नसक्ने संकेत देखिएको छ ।रकम भुक्तानी हुन नसके फेरि वर्षभरि प्रदेश सरकारले तनाव झेल्नुपर्ने छ।








चोरीको घटनामा वृद्धि हुन थालेपछि महोत्तरीको सदरमुकाम जलेश्वरमा विगत एक वर्षअघिदेखि बिग्रिएर बसिरहेको ४० वटा सिसिटिभी क्यामरा असारे बजेट लगाएर मर्मत गरिँदै ।

*तस्बिर : रासस*

# आठ वर्षमा साढे तीन लाख स्वास्थ्य जनशक्ति आवश्यक : आयोग



काठमाण्डु । चिकित्सा शिक्षा आयोगले आर्थिक वर्ष २०८७/८८ सम्ममा साढे दुई लाखभन्दा बढी स्वास्थ्य जनशक्ति आवश्यक हुने प्रक्षेपण गरेको छ । आयोगले आर्थिक वर्ष २०७७/७८ लाई आधार मानी गरेको अध्ययनमा उक्त प्रक्षेपण गरेको हो ।

आयोगका अनुसार सो अवधिभित्र सरकारी र निजी स्वास्थ्य संस्थामा महिला स्वास्थ्य स्वयम्सेविका र कार्यालय सहयोगीसहित तीन लाख ५८ हजार नौ सय ३८ स्वास्थ्य जनशक्ति आवश्यक पर्नेछ । आयोगले सो अवधिसम्म चिकित्सक र स्वास्थ्यकर्मी मात्रै दुई लाख ५७ हजार ९१ आवश्यक हुने निष्कर्ष निकालेको छ ।

आयोगका उपाध्यक्ष प्रा डा श्रीकृष्ण गिरीले हाल कार्यरत जनशक्ति सेवानिवृत्त हुने र विदेशिने सङ्ख्यालाई समेतका आधारमा जनशक्ति प्रक्षेपण गरिएको जानकारी दिनुभयो । "सरकारले निर्माण गरिरहेका आधारभूत स्वास्थ्य संस्थालाई समेत आधार मानी स्वास्थ्य जनशक्ति प्रक्षेपण गरिएको छ", उहाँले भन्नुभयो ।

उहाँका अनुसार २०८८ सालसम्म स्वास्थ्य जनशक्तिको सङ्ख्या तीन दशमलव छ प्रतिशतले प्रक्षेपण गरिएको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रति एक हजारमा न्यूनतम चार दशमलव ४५ स्वास्थ्य जनशक्ति हुनु राम्रो मानिन्छ । आर्थिक वर्ष २०७७/७८ मा स्वास्थ्य संस्थामा दुई लाख ३४ हजार तीन सय ६१ जनशक्ति आवश्यक रहेकोमा ५६ हजार ५२ जना कम अर्थात एक लाख ७८ हजार तीन सय नौ मात्रै कार्यरत थिए ।

प्रतिवेदनमा आव २०७७/७८ सम्ममा सञ्चालित स्वास्थ्य संस्था, सरकारी, निजी तथा गैरसरकारी अस्पताल, मेडिकल कलेज, नर्सिड होम, क्लिनिक तथा शय्या सङ्ख्या प्रदान गरिने सेवाका लागि आवश्यक जनशक्तिको आँकलन गरिएको आयोगको भनाइ छ ।

विसं २०८८ सम्म एमबिबिएस १६ हजार सात सय ८४, विशेषज्ञ चिकित्सक कल्यन्ट्यान्ट (स्नातकोत्तर) १५ हजार चार सय ३५, नर्सिङ पेसाविद (स्नातकोत्तर) चार सय ११ आवश्यक हुने आयोगको प्रक्षेपण छ ।

नर्सिङ सहायक (स्नातक) तीन हजार तीन सय ५९, नसिङ तथा प्रसूतिसम्बन्धी सहायक (प्रमाणपत्र तह) ८८ हजार २४, परम्परागत तथा वैकल्पिक चिकित्सा (स्नातक तथा स्नातकोत्तर तह) दुई हजार ८३, परम्परागत तथा सहायक चिकित्सक प्राविधिक (प्रमाणपत्र तह) दुई हजार एक सय १८ जनशक्ति आवश्यक पर्नेछ ।

सो अवधिसम्म अन्य स्वास्थ्य सम्बद्ध पेसा (स्नातकोत्तर तह) दुई हजार छ सय ८८, अन्य स्वास्थ्य सम्बद्ध सहायक पेसा (स्नातक तह) २३ हजार एक सय ५०, अन्य स्वास्थ्य सम्बद्ध सहायक पेसा (प्रमाणपत्र तह) एक लाख चार हजार ३९ हजार उत्पादन हुनुपर्नेछ ।

त्यसैगरी सामुदायिक महिला स्वास्थ्य स्वयसेविका ५७ हजार ४३ जना र श्रेणीविहीन कार्यालय सहयोगी, सरसफाइ तथा सवारी चालक ४४ हजार आठ सय चारजना स्वास्थ्य जनशक्ति आवश्यक हुने आयोगको भनाइ छ ।

आयोगले विसं २०८३ सालमा दुई लाख ४५ हजार चार सय ६३ स्वास्थ्य जनशक्ति र ५४ हजार चार सय ६३ महिला स्वास्थ्य स्वयसेविका र ४२ हजार सात सय ७७ श्रेणीविहीन कार्यालय सहयोगी, सरसफाइ कर्मचारी र सवारी चालक आवश्यक हुने प्रतिवेदनमा उल्लेख गरेको छ ।

यसवर्ष चिकित्सकतर्फ स्नातक तहमा सात हजार छ सय ५९, स्नातकोत्तर तहमा एक हजार छ सय ८४ र स्नातकोत्तरभन्दामाथि एक सय नौ जनशक्ति उत्पादन हुने आयोगको भनाइ छ । यस्तै नर्सिङ, जनरल मेडिसिन, डेन्टल साइन्स, आयुर्वेशिक हेल्थ साइन्स, फिजियोथेरापी, फार्मसीलगायत ११ मध्यम तथा आधारभूत तहका विषयमा १२ हजार एक सय दुई स्वास्थ्यकर्मी उत्पादन हुनेछन् ।

नेपालमा सरकारले स्थानीय तहमा बनाउन थालेका आधारभूत अस्पतालसहित सात हजार आठ सय ८९ सरकारी र निजी दुई हजार दुई सय ५० गरी १० हजार एक सय ३९ स्वास्थ्य संस्था सञ्चालनमा छन् । रासस

# गुगल, फेसबुक, माइक्रोसफ्टलगायत छ कम्पनी नेपालको कर प्रणालीमा दर्ता

काठमाण्डु । सूचना प्रविधि र डिजिटल सेवाका क्षेत्रमा काम गरिरहेका गुगल, फेसबुक र माइक्रोसफ्टलगायतका छवटा अन्तर्राष्ट्रिय कम्पनी नेपालको कर प्रणालीमा दर्ता भएका छन् । नेपालमा विद्युतीय सेवाको कारोबार गर्ने विदेशी कम्पनीलाई करको दायरामा ल्याउन चालु आर्थिक वर्षको आर्थिक ऐनमार्फत सरकारले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी व्यवस्था गरेको थियो । सोही व्यवस्थाअनुसार हालसम्म छवटा विदेशी कम्पनी दर्ता हुन आएको ठूला करदाता कार्यालयका कर अधिकृत साधुराम पुडासैनीले जानकारी दिनुभयो । विद्युतीय सेवा कर तिर्ने कम्पनी ठूला करदाता कार्यालयमा दर्ता भइरहेका छन् । यस्ता कम्पनीलाई करको दायरामा ल्याउन सरकारले कानून बनाएको भए पनि अधिकांश कम्पनी भने अझै कर प्रणाली बाहिर छन् ।

ठूला करदाता कार्यालयका अनुसार सिङ्गापुरमा कार्यालय रहेका तीनवटा कम्पनी गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड, माइक्रोसफ्ट रिजनल सेल्स प्राइभेट लिमिटेड र लिङ्कडइन सिङगापुर प्राइभेट लिमिटेड दर्ता भएका छन् ।

त्यस्तै, संयुक्त राज्य अमेरिकाको ब्लुमिङ्टन ठेगाना राखिएको एनसीएस पिअर्सन इन्कर्पोरेसन र वेल्मिङ्गटन काउन्टी अफ न्यू क्यासल ठेगाना भएको इब्स्को इन्टरनेसनल इन्कर्पोरेस पनि ठूला करदाता कार्यालयमा दर्ता भएका हुन् । डब्लिन आयरल्यान्ड ठेगाना भएको मेटा प्लाटफर्म्स आयरल्यान्ड लिमिटेड पनि नेपालमा दर्ता भएको छ । हालसम्म नेपालमा दर्ता भएका कम्पनीमध्ये गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड विश्वको सबैभन्दा ठूलो सर्च इन्जिनमध्येको एक गुगलको माउ कम्पनी हो । त्यस्तै सामाजिक सञ्जाल फेसबुक (इन्स्टाग्राम र ह्वाट्सएपसमेत) र लिङ्कडइन पनि दर्ता भएका छन् । दर्ता भएका अरु कम्पनीमध्ये एनसीएस पिअर्सन इन्कर्पोरेसनले विभिन्न खालका मोबाइल एप्लिकेसन बनाउने गर्छ भने इब्स्को इकर्पोरेसनले रिसर्च प्लेटफर्म र डाटाबेस व्यवस्थापनसँग सम्बन्धित कम्पनी हो । माइक्रोसफ्ट पनि सफ्टवेयर निर्माण र सूचना प्रविधिका क्षेत्रा विश्वकै ठूलो कम्पनीमध्ये एक हो ।

चालु आर्थिक वर्षको आर्थिक ऐनले 'गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर लगाइ असुल गरिनेछ' भनी व्यवस्था गरेको थियो । वार्षिक रु २० लाखसम्मको कारोबारमा भने यस्तो कर नलाग्ने व्यवस्था आर्थिक ऐनमा राखिएको छ । ऐनको व्यवस्थाअनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आयवर्षअनुसार आफ्नो कारोबारको विवरण तथा कर दाखिला गर्नुपर्छ तर ठूला करदाता कार्यालयमा दर्ता हुन नआएका कम्पनीलाई कसरी आबद्ध गराउने र कर तिराउने भन्ने स्पष्ट छैन । करदाता कार्यालय दर्ता भइसकेका विदेशी कम्पनीले कर नतिरेमा कारबाहीको व्यवस्था गरिएको भए पनि दर्ता नै नभएका कम्पनीलाई कस्तो कारबाही हुने भन्ने प्रस्ट छैन । नेपालमा सेवा दिइरहेका सबै सूचना प्रविधि क्षेत्रका लागि यस्तो कर प्रणाली बाध्यकारी हुन नसक्दा अधिकांश कम्पनी कर प्रणालीभन्दा बाहिरै रहेको देखिन्छ ।

चालु आर्थिक वर्षको आर्थिक ऐनले तोकिएको समयभित्र विवरण दाखिला नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम शूल्क लाग्ने र कर तिर्नुपर्ने तोकिएको मितिभित्र कुनै व्यक्तिले कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था रहेको छ ।

यसरी दाखिला गर्नुपर्ने कर रकम कम दाखिला गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको ५० प्रतिशत जरिवानासमेत लाग्नेछ भनी व्यवस्था गरिएको छ तर विदेशमा सेवा दिइरहेका कम्पनीले नेपालमा कर तिर्नका लागि अनिवार्य रुपमा दर्ता हुनुपर्ने व्यवस्था आर्थिक ऐनमा भने कहीँ पनि राखिएको देखिँदैन । नेपालभित्र सेवा दिइरहेका सामाजिक सञ्जाललगायत डिजिटल कारोबार गर्ने कम्पनीलाई करको दायरामा ल्याउन नसक्दा ठूलो परिमाणमा राजस्व गुमिरहेको सरकारी अध्ययनले समेत देखाएका छन् । मन्त्रिपरिषद्को गत असोज ११ को निर्णयबाट खारेज भएको नेपाल राजस्व परामर्श समितिले तयार पारेको 'राजस्व दायरा वृद्धिका सम्बन्धमा अध्ययन गरी तयार पारिएको प्रतिवेदन, २०७९' ले पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालमार्फत हुने विज्ञापनबाट मात्रै ठूलो रकम बाहिरी रहेको उल्लेख गरेको छ । "नेपालमा कानुनीरुपमा दर्ता नभएका सामाजिक सञ्जालमा विज्ञापन गर्ने प्रवृत्ति ह्वात्तै बढेको छ । त्यस्ता सामाजिक सञ्जालले वार्षिक अर्बौं रुपैयाँ नेपालबाट विदेशतर्फ लगिरहेका छन्", प्रतिवेदनमा भनिएको छ ।

राजस्व परामर्श समितिको प्रतिवेदनले डाटा पोर्टल डट कमको तथ्याङ्कलाई उद्धृत गर्दै सन् २०२२ सम्ममा नेपालमा फेसबुकका एक करोड ३३ लाख प्रयोगकर्ता रहेको उल्लेख गरेको छ । "बजारसम्बन्धी अनुसन्धान गर्ने कम्पनी स्टाटिस्टाकाका अनुसार फेसबुकको प्रतिविज्ञापनकर्ता विज्ञापन आम्दानी सन् २०२१ मा ४० दशमलव ९६ अमेरिकी डलर पुगेको छ । सो आय सन् २०२० मा ३२ दशमलव ०३ अमेरिकी डलर बराबर थियो", राजस्व परामर्श समितिको प्रतिवेदनमा भनिएको छ, "यस प्रकारले हेर्दा नेपाली प्रयोगकर्ताले विज्ञापन हेरेबापत फेसबुकले वार्षिक ६० अर्बभन्दा बढी रकम आय गर्दै आइरहेको छ ।" रासस

# काठमाण्डु-रक्सौल रेलमार्गको 'लोकेसन सर्भे' प्रतिवेदनमा भारतले माग्यो सुझाव

**टुडे समाचारदाता**

काठमाण्डु । भारतले काठमाण्डु-रक्सौल अन्तरदेशीय रेलमार्गको ' फाइनल लोकेसन सर्भे प्रतिवेदनको मस्यौदा नेपाल सरकारलाई हस्तान्तरण गरेको छ । गत १७-२० जेठमा भएको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणका क्रममा नै हस्तान्तरण हुने भनिएको यो प्रतिवेदनको मस्यौदा नेपालको रायका लागि भन्दै हस्तान्तरण गरेको हो । प्रतिवेदन तयार भए पनि त्यसलाई अन्तिम रुप दिनुअघि भारतले नेपालको राय मागेको हो । अब भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र रेल विभागले यो प्रतिवेदन अध्ययन गर्नेछन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक अधिकारीका अनुसार प्रतिवेदन अध्ययनपछि विभिन्न विषयमा नेपालले आफ्ना राय र प्रतिक्रियाहरु दिने छ । त्यसका आधारमा प्रतिवेदनले अन्तिम रुपम पाउनेछ । र, नेपाललाई भारतले फाइनल प्रतिवेदन हस्तान्तरण गर्नेछ ।

भारतले सो प्रतिवेदन दिएपछि भारत भ्रमणका समयमा नै रेलमार्गको निर्माण अघि बढाउन भारतसँग आग्रह गर्ने तयारी थियो । काठमाडौं-रक्सौल रेलमार्गको फाइनल लोकेसन सर्भे १८ महिनाभित्र यो काम सकाउने गरी २२ असोज २०७८ मा नेपाल र भारतबीच द्विपक्षीय समझदारी (एमओयू) भएको थियो ।

एमओयूअनुसार रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन भारतले आफ्नै खर्चमा भारतीय सरकारी कम्पनीमार्फत तयार गरेको हो । भारतले सम्झौताअनुसार नेपालमै काम गर्न टोली पठाएको थियो ।

यो रेलमार्गको प्रारम्भिक इन्जिनियरिङ तथा ट्राफिक सर्वेक्षणको रिपोर्ट भारतले नेपाललाई दिइसकेको छ । केआरसीएलले तयार पारेको प्रारम्भिक रिपोर्टअनुसार प्रस्तावित रक्सौल-काठमाडौं रेलमार्गको लम्बाइ १३६ किलोमिटर हुने देखिएको थियो ।

यो रेलमार्ग निजगढ हुँदै खोकनासम्म बनाउन प्रस्ताव गरिएको छ । प्रस्तावित रेलमार्गको करिब ४० किलोमिटर खण्डमा सुरुङ रहने र साना-ठूला गरी करिब ३५ वटा पुल पनि बनाउनुपर्ने देखिएको थियो ।


**कागजात हराएको**

मिति २०८०/०३/११ गतेका दिन घर जाने क्रममा मेरो उल्लेखित कागजात हराएको हुदा फेला पार्नु हुनेले नजिकको प्रहरी कार्यालय बा मोबाइल नम्बर ९८०६०६१३५० मा खबर गरि दिन हुन अनुरोध छ!

**तपसिल**

**नाम** :- प्रकाश भाई

**ठेगाना** :- फतुवा विजयपुर नपा ४ रौतहट

**ग्रीन कार्ड नम्बर** :- uscis# 066-607-397

**सोसल सेक्युरिटी नम्बर** 893-61-7308


# घट्यो हवाइ भाडा

**टुडे समाचारदाता**

काठमाण्डु । बुधबारबाट लागू हुने गरी आन्तरिक हवाइ भाडादर घटेको छ।

नेपाल आयल निगमले हवाई इन्धनको मूल्य प्रतिलिटर १४ रूपैयाँ घटाएपछि नेपाल नागरिक उड्डयन प्राधिकरणले सम्बन्धित वायुसेवालाई बुधबारदेखि लागू हुने गरी भाडादर घटाउन निर्देशन दिएको छ।

यससँगै काठमाण्डु-भद्रपुर भाडा चार सय २० रूपैयाँले घटेको छ। त्यसैगरी, काठमाण्डु-भैरहवाको भाडादर हालको भन्दा २८५ रूपैयाँले घटाइएको हो।

काठमाण्डुबाट माउन्टेन फ्लाइट ४८५, भद्रपुर ४२०, विराटनगर ३३५, जनकपुर १८०, भरतपुर १५०, पोखरा २२५, भैरहवा २८५, नेपालगञ्ज ४५५, तुम्लिङटार २६०९ र सिमराका लागि १२५ रुपैयाँ कम भएको छ ।

# महानिर्देशकले दिएनन् जवाफ

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदिप अधिकारीले तोकिएको समयमा पनि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीलाई कुनै जवाफ दिएनन्। पर्यटनमन्त्री सुदन किरातीले गत मंगलबार महानिर्देशक अधिकारीको कार्यक्षमता र कार्यशैलीमाथि प्रश्न उठाउँदै ९ बुँदे स्पष्टीकरण सोधेका थिए । मन्त्री किरातीले उक्त स्पष्टीकरणको जवाफ सात दिनभित्र मागेका थिए। लगात्तै महानिर्देशक अधिकारीले मन्त्रालयको पत्रमा अत्यन्त जरुरी वा गोप्य पत्र भनि लेखेर सोध्नु पर्ने स्पष्टीकरण सामाजिक सञ्जाल फेसबुकका पानामा पोष्ट गरिएकाले ती स्पष्टीकरणको जवाफ आफूले दिन नसक्ने बताएका थिए।

'फेसबुकका भित्तामा पोष्टिएका स्पष्टीकरणको जवाफ मैले दिँदैन, स्पष्टीकरण सोध्ने पनि नियम, कानुन र तरिका होला नी, फेसबुक भरी सोधिएका स्पष्टीकरणको मैले कसरी जवाफ दिनु?' उनले सोधेका थिए।


स्पष्टीकरणको जवाफ नदिने अडान लिएका महानिर्देशक अधिकारीले सोमबार सामाजिक सञ्जालमा नागरिक उड्डयन प्राधिकरण स्वायत्त निकाय रहेको समेत उल्लेख गरेका थिए।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय । |
| बृष | : पारिवाहिक सुख । |
| मिथुन | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# स्वास्थ्यकर्मी जनमत संघ गठन



टुडे समाचारदाता

वीरगञ्ज । अन्तर्राष्ट्रिय चिकित्सक दिवस पारेर जनमत पार्टीले अफ्नो भातृसंगठन, स्वास्थ्यकर्मी जनमत संघ पर्साको घोषणा गरेको छ ।

जनमत पार्टीका केन्द्रीय सदस्य डा. अजय यादवको विशेष उपस्थितिमा भएको मंगलबार एक कार्यक्रम बीच तत्काल ४१ सदस्यीय स्वास्थ्यकर्मी संघ पर्सा गठन गरिएको छ।

कार्यक्रममा केन्द्रीय सदस्य डा.यादवले स्वास्थ्य सेवा जनताको मौलिक अधिकार भएकोले यसमा कुनै किसिमको बेतिथि सहन नहुने बताए ।

उनले भने 'जनतालाई मार्ने काम कुनै पनि स्वास्थ्य संस्थाबाट, खास गरी सरकारी स्वास्थ्य संस्थाबाट हुनुहुँदैन, भएको खण्डमा स्वास्थ्यकर्मी जनमत संघले कडा भन्दा कडा कारबाही गर्न पछि हटनु हुँदैन ।'

कार्यक्रममा डा. यादवले भ्रष्टाचारमा जनमत पार्टीको शून्य सहनशीलताको बारेमा बताउँदै जनकपुरमा भ्रष्टाचारीलाई गरेको कारबाही नविर्सन पनि भन्दै जनताको विरोधमा जाने जो सुकैलाई पनि कारबाहीको दायरा ल्याउने चेतावनी समेत दिए ।

जनमत पार्टी, पर्साका संयोजक ओमप्रकाश सर्राफले नारायणी अस्पतालमा भइरहेको अनियमितता र भ्रष्टाचार विरुद्ध स्वास्थ्यकर्मी संघले सशक्त कदम चाल्न आग्रह गरे ।

जनमत पार्टीका पर्सा जिल्ला इन्चार्ज माधव सिंहको अध्यक्षतामा भएको कार्यक्रममा जनमत पार्टी पर्सा सल्लाहकार समितिमा प्रह्लाद गिरी, शशी कपूर मियाँ, सिपु तिवारी, युवा नेता मुकेश द्विवेदी, कन्हैया झा, राजु गिरीले आ-आफ्नो मन्तव्य राखेका थिए।

नव गठित स्वास्थ्यकर्मीको अध्यक्षमा नन्दन कुमार सिंह, उपाध्यक्षमा सिकिन्द्र राय, सचिवमा विजय प्रताप सिंह, सह- सचिवमा मधुसूदन चौर सिया, कोषाध्यक्षमा विजय कुमार यादवलगायत रहेका छन ।

# एकको मृत्यु

टुडे समाचारदाता

मलंगवा । सर्लाहीमा गुडिरहेको ट्रकमा करेन्ट लाग्दा एक युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा रौतहटको विश्रामपुर गाउँपालिका-२ का २४ वर्षीय सञ्जय मुखिया रहेको प्रहरीले जनाएको छ । ट्रकका चालक बाराको निजगढ नगरपालिका-६ बस्ने ५२ वर्षीय प्रेमबहादुर राउत गम्भीर घाइते भएका छन् ।

जिल्लाको चन्द्रनगर गाउँपालिका-७ मा भुँसा लोड गरी गइरहेको ना४ख ६९७६ नम्बरको ट्रकमा माथि रहेको बिजुलीको तार छुँदा करेन्ट लागेको थियो । मजदुर मुखियाको घटनास्थलमै मृत्यु भएको सर्लाही प्रहरीले जनाएको छ ।

मृतक मुखियाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको र घटना विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

# पशुपालक चिन्तामा



टुडे समाचारदाता

राजविराज । पशुचौपयामा अज्ञात रोगले दुई वटा गाई र एउटा बाछी मरेपछि पशुपालकहरु चिन्तामा परेका छन् ।

पाँच दिन यता छिन्नमस्ता गाउँपालिका लोखरमस्थित छिन्नमस्ता पोल्ट्रीफर्मका दुई गाई तथा खडक नगरपालिका २ का पशुपालक प्रकाश चौधरीको एक बाछी गरी तीन वटा पशु अज्ञात रोगबाट मरेपछि पशुपालकहरु चिन्तामा डुबेका छन् । छिन्नमस्ता पोल्ट्री तथा कृषि फर्मका संचालिका पुनिता मिश्रले तीन दिन यता अज्ञात रोगले दुई वटा गाईको मरेको बताइन् ।

छालामा घाऊ देखिने, विस्तारै विस्तारै बढ्दै जाने, ज्वरो आउने, खुट्टा काम्ने, दुब्लाउदै जाने, खान नरुचाउने जस्ता लक्षण फर्ममा रहेका पशु चौपायामा देखिएको उनले बताइन् । उनले पनि बाछीमा अघिल्लो दिन घाऊ देखिएको र त्यसको उपचार गर्न नपाउँदै भोलिपल्टै मृत्यु भएको उनले बताए । अज्ञात रोगले गाउँमा दर्जनौं पशु चौपाया बिरामी परेको अर्का पशुपालक छिन्नमस्ता ५ का प्रभास मिश्रले जानकारी दिए।

राजविराज नगरपालिकाका पशुपंक्षी विकास शाखाका अधिकृत एवं पशु चिकित्सक अमरेन्द्र झाले आफूलाई पनि पशुमा फैलिएको रोगबारे खबर आएको बताए । उनले पशु चौपायामा हाल देखिएको रोग छाला रोग भएको बताए । उनले केही बिरामी पशु चौपायाको नमुना परीक्षण गर्दा छाला सम्बन्धी जटिल रोग लिम्पि पुष्टि भएको बताए ।

'यो भाइरल रोग हो, यसको औषधि पनि सहज रुपमा उपलब्ध छैन, उनले भने-बिरामी पशु चौपायाको थप परीक्षण गरी तत्काल औषधि र उपचारको व्यवस्था नभए धेरै क्षति हुन सक्छ ।' ठूलो लगानी गरेर चलाएको पशुपालन व्यवसाय संकटमा पर्न नदिन सम्बन्धित निकायले अविलम्ब यसतर्फ पहल गर्नुपर्ने पशुपालकहरुले माग गरेका छन् ।

# बेलिब्रिज निर्माण पन्ध्र दिनमा

काठमाण्डु । मेची राजमार्गअन्तर्गत बाढीले बगाएको हेवा खोला पुलको विकल्पमा निर्माण भइरहेको बेलिब्रिज निर्माण १५ दिनमा सम्पन्न हुने भएको छ । अहिले भइरहेको कामका आधारमा यो अवधिमा सकिने देखिएको सडक विभागले जनाएको छ ।

यही असार ३ गते आएको बाढीका कारण कोशी प्रदेशका तीन वटा पुलमा क्षति पुगेको विभागका उपमहानिर्देशक रामहरि पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार मेची राजमार्ग, तमोर करिडोर र मध्यपहाडी राजमार्गका पुल बगाएको हो । तीमध्ये तमोर करिडोरमा बेलिब्रिज थियो भने मेची राजमार्ग र मध्यपहाडी एउटा/एउटा पुल बगाएको छ । उहाँले भन्नुभयो, "त्योमध्ये पनि धेरैलाई प्रभावित गर्ने भएकाले मेचीको पुल सबैभन्दा पहिले सुरु गरिएको छ ।"

मेची राजमार्गमा बेलिब्रिज निर्माणको काम बाढी आएको भोलिपल्टबाट नै सुरु भएको थियो । एकातिर जग (फाउण्डेसन) तयारी भइरहेको छ । अर्कोतिर बेलिब्रिज पनि फिट गर्दै गरिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "तयारी अवस्थामा रहेको बेलिब्रिजका भाग जोड्नका लागि जग आवश्यक हुन्छ ।"

बेलिब्रिजका लागि दुवै किनारामा जग राख्नुपर्नेमा एकातिर सम्पन्न भइसकेको उपमहानिर्देशक पोखरेलले बताउनुभयो ।

वारि जग हालेपछि पारिपट्टि टेकाउने काम हुनेछ । उहाँले भन्नुभयो, "यहाँ पुगेर काम गर्नेहरूसँग कुरा गर्दा १५ दिनमा सकिन्छ भन्नुभएको छ ।" अहिले पनि नदी ठूलो भएकाले सामान वारपार गर्न गाह्रो अवस्था रहेको सडक विभागले जनाएको छ ।

मेची राजमार्गको यो पुल नबनेकाले यातायात नै ठप्प भएकाले प्राथमिकता अहिले त्यसैलाई दिइएको उहाँले बताउनुभयो । अरु दुई ठाउँमा पानी कम भएपछि बेलिब्रिज राखिने योजना रहेको उहाँले बताउनुभयो । खोला फिँजाएर ग्राभेल र ढुङ्गा मिलाएर गर्न सकिन्छ कि भनेर हेरिरहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "मध्यपहाडी क्षेत्रमा बेलिब्रिजका लागि सामान लैजान पनि पहिले मेची राजमार्गको बेलिब्रिज बनिसक्नुपर्ने छ ।"

मध्यपहाडी राजमार्गमा चियोभञ्ज्याङ नजिकै पुल बगाएको थियो । मेची राजमार्गले जतिको धेरै नागरिकलाई असर पुऱ्याउने नभए पनि यसले त्यहाँका गाउँ जोड्ने सडक भएकाले त्यहाँका स्थानीयवासीलाई वारपारमा समस्या भएको छ ।

सडकमा थोरै पहिरो खसे पनि ठूलो क्षति भएको छैन । यो वर्ष वर्षाको सुरुमै आएको बाढीले कोशी प्रदेशमा सडकका पूर्वाधार बगाउँदा त्यहाँको जनजीवन प्रभावित बनेको छ । रासस

# सिटिजन्स बैंकका थप शाखा सञ्चालनमा




टुडे समाचारदाता

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले शाखा विस्तार गर्ने क्रममा आफ्नो थप पाँच शाखाहरू सञ्चालनमा ल्याएको छ ।

बैंकले कोशी प्रदेशको संखुवासभा खाँदबारीमा, गण्डकी प्रदेशको तनहुँ दमौलीमा, लुम्बिनी प्रदेशको बर्दिया गुलरियामा, कर्णाली प्रदेशको सल्यान श्रीनगरमा र सुदूरपश्चिम प्रदेशको बैतडी पाटनमा एकसाथ नयाँ शाखा संचालनमा ल्याएको छ ।

यससंगै बैंकको १८८ वटा शाखाहरु संचालनमा आएका छन् । प्रदेशगत रुपमा बैंकको कोशी प्रदेशमा २७, मधेश प्रदेशमा २९, बागमती प्रदेशमा ५०, गण्डकी प्रदेशमा १३, लुम्बिनी प्रदेशमा ५१, कर्णाली प्रदेशमा १० र सुदूरपश्चिम प्रदेशमा ८ शाखा पुगेका छन् ।

सुविधा सम्पन्न यी शाखाहरु मार्फत ग्राहकको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैकिंङ सेवा प्रदान गर्नुका साथै साना तथा कर्पोरेट व्यवसायीहरुमाझ वित्तीय पहुँच पुर्याउने लक्ष्य बैंकले राखेको छ । सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, लकर सेवा, एटिएम सेवा, घर तथा सवारी कर्जा, साना व्यवसायी कर्जा, लगायतका वित्तीय सेवाहरु छिटो, छरितो, चुस्त र दुरुस्त रूपमा ग्राहकहरुलाई प्रदान गर्ने बैंकले जनाएको छ ।

# किसानलाई कृषि सामग्री वितरण



महोत्तरी।महोत्तरीकोमटिहानी नगरपालिकाले किसानलाई सहयोगी कृषि सामग्री वितरण गरेको छ ।

तरकारी बालीको नयाँ पकेट कार्यक्रमअन्तर्गत मटिहानी-६ का ४० किसानलाई नगरपालिकाको कृषि शाखाले कृषि सामग्री वितरण गरेको हो । किसानलाई सिँचाइ प्रयोजनका लागि मोटर, डेलिभरी पाइप, औषधि छर्कने स्प्रे ट्याङ्की, गटोर स्प्रे, कोदालो, जैविक मल र भदौरे तरकारीको बीउसहितका सामग्री नगरप्रमुख हरिप्रसाद मण्डलले वितरण गर्नुभयो ।

मटिहानी-५ तरकारी उत्पादनमा जिल्लाकै 'पकेट' क्षेत्रका रूपमा मानिदै आइएको छ । यहाँ करिब २० हेक्टर क्षेत्रफलमा ४० परिवार किसानले व्यावसायिकरूपमा तरकारी खेती गर्दै आएका कृषि शाखा प्रमुख टङ्कप्रसाद उपाध्यायले जानकारी दिनुभयो ।

मटिहानी-६ मा बर्सेनि न्यूनतम एक करोड मूल्यको तरकारी बिक्री हुँदै आएको शाखाले जनाएको छ । तरकारी खेतीमा लागेका किसानले खेतीका लागि आधारभूत कृषि सामग्री (बीउ, मल र कृषि ज्यावल/उपकरण) पाएपछि राहत महसुस गरेका छन् ।

कृषि शाखाले मखान खेतीका एक सय किसानलाई मखानको बजारीकरणमा सहयोग पुग्ने सामग्री वितरण गरेको थियो । नगरपालिकाबाट पाएको सहयोगले खेतीमा लाग्न थप हौसला मिलेको स्थानीय किसान मुसाफिर सहनीको भनाइ छ ।

मखान र तरकारी बालीका अतिरिक्त अन्न बालीका किसानलाई पनि यसअघि उन्नत बीउ, जैविक मल र कृषि ज्यावल वितरण गरिएको कृषि शाखाले जनाएको छ । रासस

# दुर्गम गाउँ खयरमारामा सडक कालोपत्र



जलेश्वर । बर्दिबास नगरपालिका-१० खयरमाराका सडक कालोपत्र गरिएका छन् ।

दलित समुदायको बाहुल्य रहेको सो गाउँ विकासका दृष्टिकोणले पछि परेको ठाउँ हो । पछिल्लो समय सो क्षेत्रमा विकास निर्माणका कामले गति लिएको स्थानीय कृष्णकुमार वाइबाले बताउनुभयो ।

विकासले नछोएको खयरमाराका सडक नगरपालिकाले कालोपत्र गरिदिएसँगै गाउँको मुहार नै फेरिएको स्थानीयवासी मीरा कोइरालाले बताउनुभयो । बर्दिबास नगरपालिकाको रु ७९ लाख ७१ हजार सात सय ४९ को लागतमा खयरमाराको विद्युत्चोकबाट भरत टोल जाने बाटो कालोपत्र गरि एसँगै आवागमनमा सहज भएको स्थानीयवासीको भनाइ छ ।

यसअघि जीर्ण सडककै कारण समयमै बर्दिबास अस्पतालमा बिरामीलाई पुर्‍याउन नसक्दा कतिपय रोगीको सडकमै ज्यान जाने गरेको जनाउँदै स्थानीय विकास थापाले अहिले सहरका सडकभन्दा गाउँका सडक राम्रा भएपछि स्थानीयवासीमा उत्साह छाएको बताउनुभयो ।

स्थानीयवासी टङ्कमाया चौलागाईंले भन्नुभयो "यस गाउँमा राम्रो सडक बन्ला भन्ने लागेकै थिएन, सडक कालोपत्र नहुँदा हिउँदमा धुलो र वर्षामा हिललो हुने समस्या हटेर गएको छ । कालोपत्रले वास्तवमै यस गाउँको मुहार फेरिएको र सबैलाई हर्षित तुल्याएको छ । " उहाँका अनुसार सडक कालोपत्र भएकै कारण गाउँका नागरिक बजार पुगेर समयमै घर फर्किन्छन् । यात्रुवाहक बस गाउँमै आउन थालेका छन् । कालोपत्र सडक गाउँमै पुगेपछि स्थानीय उत्पादनले राम्रो बजार पाएको छ । गाउँमा उत्पादन गरिएका तरकारी, आँप, उखुलगायतका बाली सहरी क्षेत्रका बजारमा बिक्री गर्न लैजान सहज भएको छ ।

बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हाद क्षेत्रीले सडक सञ्जाल विस्तारलाई नै बढी प्राथमिकता दिएको बताउनुभयो । नगरपालिकाले पालिकाभित्रको भित्री गाउँ माईस्थान, बिजलपुरा, खयरमारालगायतका गाउँभित्रका सडक सफा र चौडा बनाइएपछि स्थानीयवासी दङ्ग छन् । रासस

# गरिब घरपरिवारलाई परिचयपत्र वितरण

काठमाण्डु । सरकारले छ लाख १५ हजार एक सय ६१ घरपरिवारलाई गरिब परिचयपत्र वितरण गरेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रलायले विभिन्न ४९ जिल्लामा गरिब पहिचान गरी परिचयपत्र वितरण गरेको हो । सरकारले उनीहरूको आय तथा व्ययको स्रोत, घरको अवस्था, जीवनशैली, शिक्षाको अवस्थालगायतको सूचकाङ्क अध्ययन गरी अतिगरिब, मध्यम गरिब र सामान्य गरिबका रूपमा वर्गीकरण गरेर पहिचान गरेको छ । वार्षिक प्रतिव्यक्ति रु २२ हजार नौ सय १९ खर्च गर्न नसक्नेलाई गरिब मानिएको छ ।

तीनै तहका सरकारले गरिब लक्षित कार्यक्रम सञ्चालन गर्दा उनीहरूलाई सेवा तथा सुविधा उपलब्ध गराउँदा परिचयपत्रका आधारमा प्रदान गर्ने गरिब पहिचान तथा मापदण्ड शाखाका प्रमुख झविन्द्र पाण्डेले जानकारी दिनुभयो । सङ्घीय, प्रादेशिक र स्थानीय तहका सरकारले आफ्नो क्षमताअनुसार उनीहरूलाई सहुलियत प्रदान गर्नेछन् ।

सरकारले उनीहरूलाई शिक्षामा छात्रवृत्ति, निःशुल्क स्वास्थ्य बिमाका साथै गरिबी न्यूनीकरणका परियोजनामा प्राथमिकता दिएको छ । विसं २०७० मा गरिब पहिचानको कार्यक्रम सुरु गरिएकामा सुरुमा २६ जिल्ला र २३ जिल्लाका गरिब पहिचान गरिएको थियो । बाँकी २८ जिल्लामा पहिचानका कार्य सकिएकाले आगामी वर्षमा परिचयपत्र वितरण सम्पन्न गरिने छ । पहिचान तथा परिचयपत्र वितरण कार्यका लागि सरकारले अहिलेसम्म रु एक अर्ब करिब ५३ करोड खर्च गरिसकेको जनाइएको छ । रासस

● पर्यटकीय विशेष गणतव्यको रुपमा हरित पैदल मार्ग, पर्यटकीय हरिद उद्यानको निर्माण, धनुषाधाम संरक्षित वनलाई प्रदेशकै लागि गौरव हुने जैविक पार्क तथा वन्यजन्तु उद्धार केन्द्रको रुपमा विकासमा जोड दिऔं ।

● मिथिला माध्यमिकी परिक्रमाका परावस्थलहरु तथा रामायण सर्किट संग जोडिएका स्थललाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार ब्राण्डिङ्ग गर्न उक्त स्थलहरुको बृहत विकास गरी पर्यटन प्रवर्द्धन गरौं ।

● नेपालमा सबैभन्दा बढी बलि प्रदान हुने एक मात्र गढीमाई मन्दिरको ब्यापक प्रचार प्रसार गरी पर्यटन क्षेत्रको रुपमा विकास गरौं ।

उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम, नेपाल

वातावरणीय सरसफाई एवं स्वच्छता प्रवर्द्धन गर्न दिगो वातावरणीय सरसफाई कार्यक्रम अन्तर्गत सार्वजनिक शौचालय निर्माण गरौं ।

मधेश सरकार
मधेश प्रदेश
उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा

आवश्यकता


सूचना प्रकाशित मिति : २०८० असार २० गते

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), लाई मधेश प्रदेशका ८ जिल्लामा मानव अधिकार सूचना सङ्कलक आवश्यक भएकाले तपसीलमा उल्लेख गरिए अनुसार योग्यता पुगेका व्यक्तिले व्यक्तिगत विवरण (Bio-Data) सहित २०८० असार २७ गतेभित्र vacancy@insec.org.np मा आवेदन दिन आह्वान गरिन्छ ।

तपसील

- प्रमाण-पत्र तह उत्तीर्ण
- मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको सूचना सङ्कलन, सम्प्रेषण तथा अभिलेखमा रुची भएको
- मानव अधिकारका समाचार लेखनसम्बन्धी ज्ञान भएको
- स्थानीय सरोकारवालासँग समन्वय र सहकार्य गर्न रुची भएको
- सम्बन्धित जिल्लाको नागरिक हुनुपर्ने

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
मधेश प्रदेश कार्यालय, जनकपुरधाम



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मध्यावधिको जोखिममा कोशी प्रदेश

कोशी प्रदेशमा नेकपा एमालेको हिक्कमत बहादुर कार्की नेतृत्वको सरकार ढलेसँगै मध्यावधि चुनावको जोखिम उच्च बढेको छ। सत्तासीन गठबन्धन दलका शीर्ष नेताहरुको बैठकले कोशी प्रदेशमा कांग्रेस संसदीय दलका नेता उद्धव थापाको नेतृत्वमा सरकार गठन गर्न पहल गर्ने निर्णय गरेको छ। सरकारको नेतृत्व गर्ने कांग्रेसलाई माओवादी केन्द्र, नेकपा एस र जनता समाजवादी पार्टी(जसपा)ले समर्थन गरेका छन् । ९३ सदस्यीय प्रदेश सभामा कांग्रेसको २९, माओवादीको १३(सभामुख सहित), नेकपा एसको ४ र जसपाको १ जना सभासद गरी ४७ जना रहेका छन् । एमालेले सभामुखको समर्थनलाई नमान्ने बताउन थालेको छ । सरकारलाई सम्मानजनक बहुमतका लागि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को समर्थन चाहिन्छ । तर राप्रपाले यस सम्बन्धमा आफ्नो धारणा सार्वजनिक गरिसकेको छैन् । एमाले नेतृत्वको सरकारमा राप्रपा पनि सहभागी थियो । प्रदेश प्रमुखले २१ गते दिउँसो ५ बजे भित्र बहुमत सदस्यहरुको हस्ताक्षरसहित सरकारका लागि दाबी प्रस्तुत गर्न दलहरुलाई आह्वान गरेका छन् । वर्तमान अवस्थामा सभामुखलाई मुख्यमन्त्रीको समर्थनमा नमान्ने हो भने एमाले र राप्रपा गरी ४६ सदस्य र कांग्रेसको नेतृत्व चाहने दलमा पनि ४६ सदस्य रहेका छन् । दुबैतर्फको बराबरीको अवस्था छ । सभामुखले यस्तो अवस्थामा मतदानमा भाग लिन पाउँछन् । एमालेले अवरोध गर्ने बताएपछि सभामुख पछि पनि हट्नसक्ने सम्भावना छ । प्रदेशमा हाल कामचलाउ मुख्यमन्त्रीको रुपमा हिक्मतबहादुर कार्की नै रहेका छन् । सत्तासीन गठबन्धन दलका नेताहरुले राप्रपालाई समेत सरकारमा सम्मानजनक हैसियत दिएर सहभागी गराउने कसरतमा जुटेका छन् । एमाले पनि जसपालाई फकाएर सरकारमा सहभागी फेरि गराउन चाहेका छन् । जसपाका १ जना सभासदले एमालेलाई सहयोग गर्ने वचनदिना साथ सरकारमा दाबी ठोक्ने तयारी अवस्थामा छ । त्यसका लागि जसपाका अध्यक्ष उपेन्द्र यादवसित कयौं चरणको वार्तालाप गरिसकेको छ । यादवसित पछिल्लो समयमा निकट सम्बन्ध स्थापित गरेका एमालेका सचिव रघुवीर महासेठ सम्पर्कमा छन् । जसपाले एमालेलाई समर्थन नदिए पनि उसले नेकपा एसबाट केही तान्ने तयारी पनि एमालेको छ । नेकपा एस राष्ट्रिय पार्टी नरहेकाले त्यसबाट सभासद चोर्ने तयारी पनि एमालेले गरेका छन् । २१ गतेसम्म सरकार गठन गर्न कांग्रेसका थापालाई अत्यधिक चुनौती छ । सो अवधिमा सरकारका लागि दाबी पेश नगरिए कामचलाउ मुख्यमन्त्री कार्कीले प्रदेश सभा विघटन गरी मध्यावधि चुनावमा जाने घोषणा गर्न सक्छन् । सरकार गठनको वैकल्पिक उपाय समाप्त भएपछि प्रदेश सभा विघटन गर्न मिल्ने सर्वोच्च अदालतको नजिर छ। प्रदेश सभाको मध्यावधि चुनाव टार्न राप्रपाले सशर्त समर्थन दिन सक्ने सम्भावना पनि विद्यमान छ। नेपाल जस्तो मुलुकमा कुनै हालतमा मध्यावधि चुनावमा देश अथवा प्रदेशलाई धकेल्न हुँदैन् । मध्यावधि चुनावमा जान देशले ठूलो आर्थिक समस्या भोग्नु पर्ने छ। देशमा तरलताको समस्या भएको बेला ८ महिनामै मध्यावधि चुनावको घोषणा भए त्यसले थप समस्या सिर्जना गर्नसक्छ।

# मिथिला चित्रकलामा प्रतीकहरूको प्रयोग



हिमांशु चौधरी

मिथिला चित्रकलामा प्रतीकहरूको प्रयोगले मिथिलाको सम्पूर्ण सांस्कृतिक जीवन परिलक्षित भएको पाइन्छ। मैथिलहरूले हजारौं वर्ष पहिलेबाट उत्सवका लागि चित्रकलालाई विकसित पारेको देखिन्छ । चित्रहरू तान्त्रिक प्रतीकहरूले परिपूर्ण रही जीवनको तान्त्रिक विचारधाराको प्रतिनिधित्व गरिरहेका छन् । कोहवर , अरिपन र पौराणिक कथामा आधारित दृश्य मिथिला चित्रकलामा जनप्रिय रहेका छन् । कोहवरमा वासनात्मक मुद्रा , अरिपनमा शास्त्रोक्त क्रिया पद्धति एवं घरेलु धार्मिक उत्सवहरूका लागि पवित्र ठाउँको प्रतिनिधित्व पनि गरिरहेको छ।

चित्रहरू पुरातन शैलीको भए तापनि स्पष्टरूपले भाव र प्रतीकमा श्रेष्ठ छन् । चित्रमा मुख सधैं पार्श्व दृश्यमा हुन्छन् भने आँखा अगाडिबाट देखिने हुन्छन् । खुट्टाहरू तिर्यक , लामा चुच्चे नाक र ठूला आँखा भएका अनुहारले मंगोलियन प्रभाव निर्मित नदेखाइ आर्य सन्ततिको बोध गराउनु यसको उत्कृष्टता मानिन्छ।

आज-भोलि पनि मिथिलाका नारीहरू कुनै धार्मिक काम र उत्सवमा आफ्ना घर , भित्ता एवं आँगन चित्रहरू बनाउँछन् ,बनाइएका चित्रहरू प्राचीन र मध्यकालीन चित्रहरूको जस्तै साधारण हुन्छन् तथा तत्कालीन समयको मिथिलाको पुरातन परम्परालाई जीवित रूपमा देखाउँछन् । मूल रूपमा यो कला नारी वर्गसँग सम्बद्ध छ । यो आश्चर्य तर सत्य हो कि पुरूष वर्गले अपवाद रूपमा नै कला साधनामा भाग लिएका छन् ।

मिथिलाको संस्कृति लोकवैदिक संस्कृति हो । यसको कला परम्परा लोक वैदिक संस्कृतिकै उपज हो , चित्रकला पुस्ताले अर्जित गरेको सम्पत्ति हो र युगानुरूप नयाँ आयाम थपिदै गएका छन् । विषय- वस्तु , रङ्गमा परिवर्त्तन आए पनि मौलिक संस्कार र प्रवृत्ति अझ पनि त्यसै रूपमा सुरक्षित छ। यस कलाको सांस्कृतिक महत्वसहितको इतिहास हर्षवर्धन ( ई. ६०३-६४३ ) को समयमा रचित हर्षचरित र नैषद्ध चरित ग्रन्थहरुमा उल्लेखित ग्रहवर्माको कोहवर भित्ति चित्रमा देवता र कामदेवको चित्र तथा अरिपनहरको चर्चा पाइन्छ। कालिदासको महाकाव्य मेघदूतमा पनि काव्यका चरित्र नायक नवविवाहित यक्षको कोहवर घरको प्रवेश द्वारको भित्तिमा कमल शंखका चित्र बनाएको उल्लेख छ । त्यतिखेर विवाहका लागि वरवधुको वरण गरे अनुसार वरको अनुपस्थितिमा वरको प्रतीक फलक ( काठ/हातीदांत ) बनाएर पडाउने वा मगाएर हेर्ने र यज्ञ वरको चित्र राखेर विवाह गर्ने प्रचलन रहेको पनि तत्कालीन साहित्यमा चर्चा भएको पाइन्छ ।यस कलाको प्रशंसात्मक चर्चा चौधौं शताब्दीका विद्वान त्योतिरीश्वरले पनि वर्ण रत्नाकर नामक पुस्तकमा गरेका छन् तर यसको परम्परालाई हेर्ने हो भने, अझ प्राचीन कालको हिन्दु सभ्यता र संस्कृतिको स्वर्णिम युगको इतिहासका पानालाई पल्टाउनु पर्ला जस्तो लाग्छ । यसमा सेतो रंग अर्बा चामलको पीठो , सिन्दुरी रंग सिन्दूर र बाख्रीको दूधको मिश्रण , नीलो रंग वनस्पति नील , रातो रंग कुसुम फूल , पीत रंग डोका , घोंघाबाट चूनामा वरगदको दूध मिश्रण , हरियो रंग सीमी वा बेलको पात र कालो रंग जौ का खरानी र गाईको गोबर वा बेलको गुंदको मिश्रणको चलन रहेकोमा वर्तमानमा रसायनिक रंगले प्रश्रय



पाएको छ । प्राकृतिक रंगहरुमा स्थायीत्व हुन्छ भने रसायनिक रंगमा स्थायीत्वको अभाव देखिएको छ । प्राकृतिक रंगहरु घरैमा बनाउने चलन थियो । यसका विषयवस्तुहरूमा मुख्यतयाः लौकिक , पारलौकिक र प्रतीकात्मक पक्षहरूलाई समेटिएको पाइन्छ। लौकिक विषयवस्तु अन्तर्गत धार्मिक ,सांस्कृतिक र काल्पनिक विषयवस्तुमा प्राकृतिक दृश्यहरू नदी , पहाड , बगैंचा , लहरा , कदम , कटहर , चरा , माङ्गलिक वस्तुहरूको साथै सजावटका विभिन्न चित्रहरू र पारलौकिकमा देवीदेवताका सुन्दर चित्रहरू पर्दछन् । प्रस्तुत शिव , विष्णु , लक्ष्मी ,सरस्वती , रामसीता , राधाकृष्णका चित्रमा मानवीय भाव , स्नेह एवं ममताको प्रतीकात्मक अभिव्यक्तिको बोध गराउँछ।

त्यस्तै प्रतीकात्मक विषय अन्तर्गत विभिन्न वनस्पति, प्राणीलगायत चराचुरूङ्गीको बाहुल्यता पाइन्छ। धार्मिक अनुष्ठान र लोकाचारमा आधारित यो कला जीवनको अभिन्न अङ्ग हो। यस कलामा समान्यतः सात किसिमको रङ्गको प्रयोग देखिन्छ । प्राकृतिक र घरेलु उपकरणबाट तयार गरिएको रङ्गले भिन्दा भिन्दै वस्तुहरूको भावलाई उजिल्याउने गरेको छ जो पुस्तौं पुस्तादेखि आमसमुदायमा स्थापित हुँदै आएको छ। त्यसकारण पूजाआजा ,चाडपर्व अन्य संस्कारहरू उपनयन , विवाह जस्ता अवसरमा कुन-कुन प्रतीकको प्रयोग गर्नेबारे एउटा परम्परा नै बसेको पाइन्छ । मिथिला चित्रकलामा लौकिक अन्तर्गत जीवन र प्रकृतिलाई आधार बनाइ वस्तुसत्तात्मक र धारणात्मक प्रतीक परिलक्षित हुने गरेको छ।

मिथिला चित्रकलामा प्रतीक संयोजन अत्यन्त कलात्मक रूपमा गरिएको पाइन्छ। कलामा संयोजन गरिएका हात्तीलाई शुभ , वैभव र नारी जातिको प्रतीकका रूपमा मानिएको छ भने घोडालाई सूर्य, बल र पुरूष जाति, गाईलाई पवित्रता र मातृत्वका प्रतीक मानिएको छ ।त्यस्तै सुगालाई गुरू र मित्रता , माछालाई उत्पादनशक्ति र नारी जातिको प्रतीक मानिएको पाइन्छ । अन्य जीवजन्तुमा कछुवालाई विष्णु भगवान , पुरुष वर्ग र दीर्घायु , हाँसलाई सौन्दर्य तथा संसारका कठिनाई पार गर्दै जाने र ज्ञानका प्रतीक मानिएको छ भने युगल जोडी हाँसलाई प्रणय र सुखद् दाम्पत्य जीवनको संकेतका रूपमा लिइएको छ।

मिथिला चित्रकलामा मयुरलाई नृत्य ,सौन्दर्य एवं प्रेमको निवेदक र अनारलाई सौन्दर्यको प्रतीक मानिन्छ। त्यस्तै कदमको फूललाई प्रेमको र कमल फूललाई कोमलता , अनुराग , सौन्दर्य, नारीको शरीरका साथै लक्ष्मीको संकेत प्रदान गरी वैभवलाई औल्याएको हुन्छ । त्यस्तै बाँसलाई वंश वृद्धि र पुरूष जातिको प्रतीकका रूपमा मानी चित्रहरूमा अङ्कित गरिएको पाइन्छ । सरसता , समरसता एवं संवेदनशीलतासहितको यो प्रतीकात्मक परम्परा मैथिल संस्कृतिको एउटा यस्तो शिल्प हो जो मैथिलहरूको जीवनशैलीमा यसको दखल नङ- मासुजस्तो देखिन्छ। चित्र तथा मूर्ति बनाइएको घर शून्य हुँदैन भन्ने प्रचीन मान्यताका आधारमा चित्रका अलङ्कारिक अंशका गुणग्राहक तत्वलाई महत्व दिएर त्यसलाई आफ्नो संस्कृतिको आत्माका रूपमा चिरस्थायी बनाएको पाइन्छ। मैथिल संस्कृतिमा विवाहको चतुर्थीको विधि नहुन्जेलसम्मको भित्ते चित्र पनि रङ्गाउने गरिन्छ। यसमा केटाकेटी र घोडाको चित्रद्वारा प्रतीकात्मक रूपमा यौन शिक्षा प्रदान गर्ने जमर्को गरिएको हुन्छ।

मिथिला लोक चित्रकलाले वंशगत शिल्पगत तथ्य अन्तर्गत संसार स्वर्गीय र मानवीय कुराको गठबन्धन जस्तो हो भन्ने भावभूमिमा प्रतीकात्मतालाई आत्मसात गर्दे समाजलाई एक सूत्रमा आबद्ध गर्ने द्योतकसमेत मानिएको छ। मैथिल महिला जुन हातले चित्र बनाउँछन् तिनीहरू तिनै हातले भित्तामा उस्तै कलाकृतिको पनि सिर्जना गर्दछन् । तिनै हातले सिकी ,मोथी ,मुञ्ज आदिका अनेक शिल्पी सामग्री पनि रङ्गीन चित्रावली समान रचना गर्दछन् । ती कलाहरूमा जीवन ,प्रकृति र कल्पनालाई विषय वस्तुगत रूपमा संयोजित गर्दा कसै कसैले प्रकृतिको निरीक्षण गर्ने चेष्टा गरेका हुन्छन् भने कसैले जीवनको गतिशीलता र कसैले काल्पनिक भावनालाई गीतात्मक रूपमा संप्रेषण गर्न खोजेको पाइन्छ ।मिथिला चित्रकलामा जानेर-नजानेर धार्मिक आस्थाका आधारमा वैज्ञानिक तथ्य पनि पर्याप्त छन् । देवीदेवता , सूर्य ,चन्द्र ,तारा , नवग्रह , पृथ्वी, सर्प, जलाशय ,माछा, विच्छी आदिको धार्मिक महत्वसँगै वातावरण सँगसमेत सम्बन्धित छ । तिनीहरूको चित्र बनाएर पूजा गर्नु धार्मिक मान्यता अनुसार डरबाट मुक्ति र सुरक्षित रहनु पनि मानिन्छ । भित्ती र भूमिबाट कागत र कपडामा नियमित प्रयोजनमा सीमित मिथिला चित्रकला विश्वका सामुने कला पारखी र प्रेमीलाई आनन्द दिन पनि सफल तथा लोकप्रिय भएको छ । मिथिला चित्रकलाले विदेशी कलाप्रेमीका पर्व र समारोहमा शुभकामना आदान प्रदान गरी जित्न सफल भएको पनि देखिन्छ ।मिथिला चित्रकला समाजको जीवन दर्शनको प्रतीक भएकाले यसलाई पाठ्यक्रममा राखी जीवन्त राख्नु पर्दछ।

# बत्तीमुनिको अँध्यारोमा बागलुङको पर्यटन

**खेमराज गौतम**

नेपालमा भित्रिने विदेशी पर्यटकमध्ये ४० प्रतिशत गण्डकी प्रदेशको राजधानी पोखरा पुग्ने गरेको तथ्याङ्क छ । पर्यटनको राजधानी मानिने पोखराबाट बागलुङ बजार त्यस्तै ७० किलोमिटर हाराहारीमा पर्छ । तर पोखरा आएका कति पर्यटक बागलुङसम्म पुग्छन् ? यसको खोजी र लेखाजोखा सकैसँग छैन ।

पोखरा आएका धेरै पर्यटक एकदेखि डेढ घण्टाकै दूरीका अन्य जिल्लामा कमै मात्रै पुग्ने गरेका छन् । त्यसो त यो दूरीका जिल्ला र स्थानमा पनि पर्यटक लोभ्याउने अधिक सम्भावना रहेकै छन् । यसो भए पनि संरचनाअर्थात् पर्यटन पूर्वाधारको भने अभाव छ । पोखरा आएका विदेशी पर्यटकलाई पश्चिमका बागलुङ, पर्वत, म्याग्दीसम्म ल्याउन आवश्यक प्रचारप्रसार एवं सूचना र पर्यटन पूर्वाधारको खाँचो देखिन्छ ।

पोखराबाट बढीमा दुई घण्टामा बागलुङ पुग्न सकिने भए पनि विदेशी पर्यटकको आगमन भने शून्यजस्तै छ । विभिन्न पर्यटन व्यवसायीको पहलमा आएका विदेशी पर्यटकको समूहबाहेक अन्य विदेशी पर्यटक आफैंले खोजेर सूचना प्राप्त गरेर यहाँ आउने गरेका छैनन् । नेपालको एक मात्र शिकार आरक्ष ढोरपाटनमा सिधै हेलिकप्टरमार्फत विदेशी पर्यटक पुग्दा जिल्लामा पर्यटक आगमनको आभास नै हुँदैन । त्यस्तै अरु कुनै प्याकेज कार्यक्रममा आए भने पनि बाटो मात्र हिँड्छन्, यहाँ बास बस्दैनन् ।

बागलुङमा विदेशी पर्यटक भित्र्याउन पर्यटकीय पूर्वाधार, आतिथ्यता कार्यक्रम, सूचना प्रणालीलगायतको अभाव छ । यी क्षेत्रमा आवश्यक मात्रामा सुधार गर्न सकिएमा पर्यटक यहाँ ल्याउन सकिने यहाँका स्थनीय पर्यटन व्यवसायी तथा जानकार बताउँछन् ।

**पोखरा आएका पर्यटक किन आउदैनन् बागलुङ ?**

बागलुङ जिल्लामा विदेशी पर्यटक भित्र्यान हालसम्म संस्थागत पहल नथालिएका कारण विदशी पर्यटक नआएको पर्यटन व्यवसायीको भनाइ छ । बागलुङमा पहिलोपटक विदेशी पर्यटक भित्र्याउन पहल गर्नुभएका पर्यटन व्यवसायी महादेव शर्माले पोखरा भित्रिने पर्यटक अधिकांश पोखरा आसपासका क्षेत्रमा आउन नसक्नु भनेको अन्य जिल्लाले नै विदेशी पर्यटक भित्र्याउन पहल नगरेको हो भन्न सकिन्छ भन्नुहुन्छ। "व्यक्तिगत पहलमा कति पर्यटक आउलान्, मैले भेगन समूहका विदशी पर्यटक बागलुङ ल्याउन थालेको छु, तर यहाँका स्थानीय पालिकाले पहल थाल्न पर्यो, निजी क्षेत्रले साझेदारी गर्न पर्यो र बागलुङका पर्यटकीय क्षेत्रमा विदेशी पर्यटकको नजर नपर्नु नै पहिलो कारण देख्छु", शर्माले भन्नुभयो, "धार्मिक पर्यटक भित्र्याउन बागलुङमा सहज देख्छु पोखराबाट मुक्तिनाथ जाने वा त्यहाँ पुगेका भारतीय पर्यटक बढी बागलुङ आउने सम्भावना छ, त्यसका लागि आश्रम र सुविधा सम्पन्न शाकाहारी होटल स्थापना गर्न आवश्यक छ।"

बागलुङमा पर्यटक भित्राउने निजी क्षेत्रको एउटा साझेदार संस्था नहुँनु, प्रचारप्रसारको कमी र बागलुङको महत्व विश्वसामु चिनाउन नसक्नुका कारण बागलुङमा विदेशी पर्यटक आकर्षित हुन नसकेको पाइएको छ।

"पोखरा आएको विदेशी पर्यटक बागलुङमा किन र के का लागि जाने भन्ने त हुन पर्यो, यहाँको कला संस्कृति हेर्न हो अथवा ग्रामीण पर्यकीय क्षेत्रमा घुम्न, बागलुङमा तीन दिन हिँड्न सक्ने राम्रो पदमार्गको रुट अहिले सम्म रेखाङ्कन छैन", उहाँले भन्नुभयो, "मैले बागलुङ बजा देखि भकुण्डै हुँदै सिगानाको बौडैचौरदेखि बौरसम्मको दुई दिने पर्यटकीय पदमार्गको रुट बनाएर विदेशी पर्यटक पुर्याएको छु, तर पालिकाले विदेशी पर्यटक ल्याउन कुनै चासो दिएको देखिँदैन।"

यहाँ पर्यटनमा पूर्वाधारका क्षेत्रमा निजी क्षेत्रको लगानी कम देखिन्छ। पर्यटक आए पनि यहाँ बस्ने र घुम्ने ठाउँहरू पनि कमै छन्। उनीहरूको बसाई लम्ब्याउन सकिने खालका पूर्वाधार नहुँदा पर्यटकको आकर्षण बढ्न नसकेकाले पर्यटक बागलुङ आउन नसकेको स्थानीय राम शर्माले बताउनुभयो । बागलुङको पुरानो संस्कृतिको रुपमा रहेको हनुमान नाच, लाखे नाच, घाटु नाच र शालैजोलाई समय समयमा प्रदर्शन गर्न सकेमा यसबाट स्वदेशी मात्र नभएर विदेशी पर्यटकलाई ल्याउन सकिने शर्माको भनाइ छ।

**सूचना केन्द्र नहुँदा अलमलमा पर्यटक**

बागलुङमा भित्रिने विदेशी पर्यटक मात्रै होइन स्वदेशी पर्यटकसमेत अलमलमा पर्ने गरेका छन् । बागलुङ जिल्लाको प्रवेशद्वारमा डिजिटल सूचना केन्द्र राख्न नसक्दा बागलुङ आएका पर्यटक अलमलमा पर्ने गरेको पाइन्छ।

बागलुङ जिल्लाको कालिका मन्दिर कहाँ छ, पर्यटकीय गन्तव्य पञ्चकोट कहाँ छ, भन्ने विवरणको सूचना केन्द्र स्थापना गरेर राख्न सकिने भए पनि हालसम्म पर्यटक सूचना केन्द्र नहुँदा पर्यटक अलमलमा पर्ने गरेको बागलुङ जिल्लाको होटल व्यवसायी सङ्घका अध्यक्ष निलेश राजभण्डारी बताउनुहुन्छ।

"अहिले डिजिटल जमाना आइसक्यो, यहाँका होटल पुरानै अवस्थाका छन्, गुगल तथा डिजिटल म्यापमा यहाँका होटल देखिँदैनन्, विदेशी पर्यटकले इन्टरनेट खोजेर गन्तव्य पहिल्याउने भइसके, जिल्ला सदरमुकामस्थित एक दर्जन होटल मात्रै विदेशी पर्यटक राख्न सक्ने अवस्थाका छन्", राजभण्डारीले भन्नुभयो, "होटल स्तरोन्नति हुन आवश्यक छ, बागलुङ प्रवेशद्वारमा पर्यटकीय सूचना केन्द्र राख्न बागलुङ नगरपालिकालाई सुझाव दिएका छौं।"

अब होटलहरू अनलाइनबाटै बुकिङ गर्न सकिने र प्रविधि मैत्री हुनसकेमा मात्रै विदेशी पर्यटकको रोजाइमा पर्नसक्ने बताउँदै राजभण्डारीले विदेशी पर्यटकहरू जिल्लामा ल्याउन भौतिक पूर्वाधार, आतिथ्यतामा लगानी र प्रचारप्रसार गर्न आवश्यक रहेको बताउनुभयो । जिल्ला सदरमुकाम बागलुङ बजारमा चार सय विदेशी पर्यटक एक रातमा बस्न सक्ने क्षमता रहेको होटल व्यवसायी सङ्घ बागलुङले जनाएको छ । बागलुङ जिल्लामा दुई हजार पाहुना राख्ने क्षमता भएपनि पर्यटकका लागि चार सय मात्रै क्षमता रहेको हो।

**मुस्ताङ जाने विदेशी पर्यटकको छायाँमा बागलुङ** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले २०७५ वैशाख २९ गते मुस्ताङको मुक्तिनाथ मन्दिर दर्शनपश्चात् अहिले मुक्तिनाथमा भारतीय पर्यटकको लर्को छ तर मुक्तिनाथ पुगेका भारतीय पर्यटकको १५ प्रतिशत पर्यटक मात्रै बागलुङ कालिका मन्दिरलगायत अन्य धार्मिक क्षेत्रको भ्रमणमा आउने गरेको पाइएको छ।

बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काका अनुसार पछिल्लो समय मुस्ताङ पुग्ने भारातीय पर्यटक बागलुङ आउन थालेपनि तेस्रो मुलुकका पर्यटकहरू मुस्ताङबाट सोझै फर्कने गरेको बताउनुभयो । भारतीय पर्यटक मुक्तिनाथ भ्रमणपश्चात् बागलुङ नगरपालिका-४ कुडुँलेस्थित शालग्राम सङ्ग्रहालय दर्शनका लागि समेत पुग्ने गरेको पाइएको छ तर मुस्ताङ पुगेर बागलुङ आएका पर्यटक एक रातसमेत बागलुङमा नबसी सिधै पोखरा पुग्ने गरेको बागलुङका होटल व्यवसायीहरू भनाई छ।

उता भारातीय पर्यटक अधिकांशले शाकाहारी खाना मन पराउने भएकाले बागलुङमा शाकाहारी खानाका होटल नहुँदा पनि समस्या उत्पन्न भएको हुनसक्छ । मुस्ताङ पुग्ने विदेशी पर्यटकलाई बागलुङमा ल्याउनका लागि प्रवर्द्धनात्मक काम थाल्नुपर्ने पर्यटन व्यवसायी महादेव शर्माको भनाइ छ । जस्तो कि मुस्ताङ पुग्ने भारतीय पर्यटकले आफ्नो खानपिन र धार्मिक पर्यटनका रुपमा बागलुङलाई छान्नका लागि उनीहरू बस्ने र घुम्ने स्थान तथा होटलको प्रचार गुगलमै उपलब्ध भए सजिलो हुन्छ । तर त्यस्तो अवस्था यहाँ देखिँदैन। त्यसैले पोखराबाट सडकमार्ग भएर मुस्ताङ पुगेका पर्यटक यता नछिरी उतैबाट पोखरा फर्किने गरेका हुनसक्छन् ।

**आन्तरिक पर्यटकको भरमा बागलुङ**

बागलुङमा विदेशी पर्यटकहरू नगन्य मात्रमा आएपनि आन्तरिक पर्यटकको भने जिल्लाका अधिकांश पर्यटकीयस्थलमा चहल-पहल देखिन्छ । जिल्लाका सुविधा सम्पन्न होटलहरू प्रायजसो आन्तरिक पर्यटकहरूले भरिने गरेको होटल व्यवसायी संघ बागलुङको तथ्याङ्कमा छ । जिल्लाको पिस प्यालेस, होटल समिट धौलागिरि, रेड एप्पल, दिराजन, होटल सुगन, आरती, होटल हिलभ्यू लगायतका होटलहरू प्रायः आन्तरिक पर्यटकले नै भरिने गरेको होटल व्यवसायीको भनाइ छ।

होटलसँगै जिल्लाको पर्यटकीय गन्तव्यहरू बागलुङ कालिका, पञ्चकोट, शालग्राम सङ्ग्रहालय, हाँडीकोट, बेलढुङ्गा, सोलेडाँडा, भैरवस्थान, घकुण्डेमा आन्तरिक पर्यटकको चहलपहलसमेत बढ्दै गएको छ। कोरोनापछि जिल्लामा आन्तरिक पर्यटकको सङ्ख्या ह्वातै बढेको होटल व्यवसायी ललिता थापाले बताउनुभयो । अहिले जिल्लाका पर्यटकीयस्थलको अवलोकन भ्रमणका लागि पोखरा, चितवन, गोरखा, काठमाडौंलगायतका जिल्लाबाट बागलुङ आउने क्रम क्रमश बढ्दै आएको थापाको अनुभव छ।

अहिले कालिका मन्दिर, पञ्चकोट र शालग्राम सङ्ग्रहालय परिसरमा अवलोकन भ्रमणमा व्यानरसहितका थुप्रै सवारीसाधन देख्न पाइन्छ । कालिका मन्दिर, पञ्चकोट, लामो झोलुङ्गे पुल, शालग्राम सङ्ग्रहालयमा आन्तरिक पर्यटकहरू बढेका छन् । पछिल्लो समय आन्तरिक पर्यटक घरबासमा पुग्ने, हाइकिङ गर्ने तथा वनभोज जानेलगायतका कारण आन्तरिक पर्यटकीयस्थल चलयमान भएका हुन् । आन्तरिक पर्यटक थपिदै गएपनि बागलुङ नगरपालिकाले विदेशी पर्यटकहरू ल्याउन संस्थागत रुपमा पहल गर्ने बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले बताउनुभयो।

**थपिँदै पर्यटकीय गन्तव्य**

बागलुङमा नयाँ पर्यटकीय गन्तव्य थपिने क्रम जारी छ । कोरोनाकहरपछि बागलुङमा लामो झोलुङ्गे पुल, शालग्राम संग्रहालय, पञ्चकोट, बुद्ध हिल, हाँडीकोट, सहस्रधारा झरना र गाईघाट झरनालगायतका क्षेत्र पछिल्लो समयमा चर्चा कमाएका पर्यटकीय गन्तव्य हुन् । कुश्मा र बागलुङलाई जोडेर निर्माण गरिएको विश्वकै अग्लो बन्जी पुलमा आन्तरिक पर्यटकले भरिभराउ हुने गरेको पाइन्छ।

नयाँ पर्यटकीय गन्तव्यको प्रचारप्रसार र पूर्वाधारपछि चर्चामा आउन थालेको पर्यटन विकास समिति बागलुङका सचिव अर्जुन चोखालले जानकारी दिनुभयो । चोखालका अनुसार प्रविधिको प्रयोगका कारण पर्यटकीय गन्तव्यको प्रचार हुँदा आन्तरिक पर्यटकहरू आउन थालेको बताउनुहुन्छ।

"टिकटकमा देखिएका दृश्यका कारण धेरै मानिस लामो झोलुङ्गे पुल आएको पाइयो, पछिल्लो समय सामाजिक सञ्जालका कारण एकाएक पर्यटकीयस्थल भाइरहल हुने जमाना आइसक्यो", चोखालले भन्नुभयो, "स्थानीय सरकारको रुपमा रहेका पालिकाले एक पालिका एक पर्यटकीयस्थलको रुपमा विकास तथा पूर्वाधार निर्माण थालेपछि पर्यटकीय गन्तव्य थपिदै गएको हामीले पाएका छौं ।" चोखालले बागलुङमा आन्तरिक तथा बाह्य पर्यटकको बसाई लम्ब्याउनका लागि पर्यटनमैत्री नीति तथा कार्यक्रम ल्याउन आवश्यक रहेको बताउदै बागलुङ जिल्लाको पर्यटन गुरु योजना नहुँदा समस्या भएको जानकारी दिनुभयो।

**खड्किँदै तारे होटल**

बागलुङमा सुविधा सम्पन्न तारे होटल नहुँदा विदेशी तथा भिआइपी पाहुना आउने आँट गर्दैनन् । जिल्लामा विदेशी पर्यटक तथा भिआईपी पाहुना आइहाले पनि साँझ बस्न पोखरा नै पुग्नुपर्ने अवस्था छ। बागलुङ जिल्लामा हालसम्म कम्तीमा पनि एक सयजना अट्नसक्ने क्षमताको ठूलो होटल स्थापना हुन नसक्दासमेत पर्यटकहरू आकर्षित हुन नसकेको स्थानीय राम शर्माको भनाइ छ। पर्यटन बोर्डले बागलुङलाई पर्यटकीय गन्तव्यको रुपमा राख्न नसक्दा विदेशी पर्यटक आउन नसक्नु मुख्य समस्या रहेको शर्माको भनाई छ । राष्ट्रिय अन्तर्राष्ट्रिय कार्यक्रम गर्न, धेरै पाहुना राख्न र सेमिनार तथा गोष्ठी गर्नका लागिसमेत बागलुङमा उपयुक्त होटल तथा रिसोर्ट नभएको शर्माको भनाइ छ। बागलुङमा एउटा तारे होटल र एउटा सुविधासम्पन्न रिसोर्टको तत्कालै आवश्यकता देखिन्छ।

**पर्यटनमैत्री घरवासको खाँचो**

जिल्लामा रहेका २८ वटा सामुदायिक घरबासमध्ये कतिपय घरबास नाम मात्रका छन् । यीमध्ये आधा दर्जन घरवास मात्रै पर्यटनमैत्री रहेका छन् । जिल्लाको पहिलो घरबासका रुपमा रहेको भकुण्डेको अतिथि घरवासमा मात्रै विदेशी पाहुना पुग्न थालेका छन् भने अन्य केही जिल्लाका आधा दर्जन घरवासमा मात्रै आन्तरिक पर्यटकहरू पुग्ने गरेका छन् । केही घरवासमा मात्रै स्थानीय तथा अर्गानिक खानाका परिकारको स्वाद तथा विभिन्न कला संस्कृति देखाउने गरकेका छन् भने केही घरवास नाम मात्रैका घरवासजस्ता छन् । घरवासहरू पूर्वाधार युक्त र पर्यटनमैत्री हुन आवश्यक रहेको पर्यटन व्यवसायीहरू बताउनछन् ।

**पर्यटकको छैन तथ्याङ्क**

बागलुङमा हालसम्म भित्रने आन्तरिक तथा बाह्य पर्यटकको कुनै तथ्याङ्क छैन । पर्यटनसम्बन्धी खोज तथा अनुसन्धान गर्नका लागि समेत कुनै सर्न्दभ सामाग्री पाइदैन । जिल्लाका पालिका, पर्यटन विकास समिति तथा अन्य कुनै पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाले हालसम्म जिल्लामा भित्रने पर्यटकको तथ्याङ्क नभएको पाइएको छ।

नेपालको एक मात्र शिकार आरक्ष ढोरपाटन शिकार आरक्षभित्र प्रवेश गर्ने विदेशी तथा स्वदेशी पर्यटकहरूको मात्रै जिल्लामा तथ्याङ्क छ । यस वर्ष ढोरपाटन शिकार आरक्ष क्षेत्र घुम्नका लागि नौ हजार स्वदेशी तथा विदेशी पर्यटक पुगेको ढोरपाटन शिकार आरक्षको कार्यालयले जनाएको छ।

# तत्काल संसदीय समितिका सभापति चयन गर्ने समझदारी



काठमाण्डु । तीन ठूला दलका शीर्ष नेताहरूले संसदीय समितिको सभापति तत्काल चयन गर्ने निर्णय गर्नुभएको छ। सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा मंगलबार भएको छलफलमा शीर्ष नेताहरूले समितिका सभापति अविलम्ब चयन गर्ने प्रतिबद्धता जनाउनुभएको सभामुख देवराज घिमिरेले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "संसदीय समितिको सभापति चयन तत्कालै गर्ने नेताहरूले प्रतिबद्धता जनाउनुभएको छ, बजेट पारित भइसकेकाले अब हाम्रो ध्यान समिति गठनतिरै केन्द्रित भएको छ ।" छिट्टै समितिले नेतृत्व पाउने उहाँले बताउनुभयो । समितिको नेतृत्व नहुँदा ज्येष्ठ सदस्यबाट बैठक सञ्चालन भइरहेको छ । ज्येष्ठ सदस्यले नेतृत्व गर्दा विधेयकहरू माथिको छलफल अगाडि बढ्न सकेका छैन ।

गत वैशाख १५ गते प्रतिनिधिसभाका १० विषयगत समिति गठन भएको थियो । समिति गठन भएको दुई सातापछि गत जेठ २ गते एकसाथ ती समितिको बैठक सुरु भएको थियो । तर सभापति चयन हुन नसक्दा समितिले विधेयकमाथि छलफल अघि बढाउन सकेका छैनन् ।

प्रमुख दलका प्रमुख सचेतक, कार्यव्यवस्था परामर्श समितिको बैठक तथा अनौपचारिक छलफलमा पटक-पटक सभापति चयन गर्न समयसीमा नै तोक्दा पनि दलले प्रयत्न नगरेपछि सभामुख घिमिरेले शीर्ष नेतासँग परामर्श गर्नुभएको हो । सभामुख घिमिरेले सहमतिबाट तोक्न नसकिएका सभापति निर्वाचन प्रक्रियाबाट चयन हुने बताउनुभयो । संसदीय समितिलाई कसरी स्तरीय, प्रभावकारी र गतिशील बनाउने भन्ने बारेमा नेताहरूसँग सल्लाह मागेको उहाँले बताउनुभयो ।

"लामो समयदेखि संसदीय समितिको नेतृत्व चयन भएको छैन, ज्येष्ठ सांसदबाट समितिको अध्यक्षता गरेर काम भइरहेको छ। त्यो परिस्थितिलाई तुरुन्त अन्त्य गर्नुपर्छ, त्यसमा तपाइँहरूको केही सुझाव सल्लाह छ, निर्वाचन गर्नुहुन्छ कि सहमतिमा टुङ्ग्याउनुहुन्छ ? यसमा तपाइँहरूले प्रक्रिया थाल्नुभएन भने मैले स्टेप चाल्नुपर्ने हुन्छ", सभामुख घिमिरेले भन्नुभयो ।

संसदीय समितिको भूमिकालाई प्रभावकारी बनाउनका लागि सभामुख घिमिरेले मंगलबार प्रमुख तीन दलका शीर्ष नेतासँग छलफल गर्नुभएको हो । बैठकमा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', प्रमुख विपक्षी दलका नेता एवं नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ सहभागी हुनुहुन्थ्यो । रासस

# लम्पी स्किन रोग नियन्त्रणका लागि कदम चाल्न प्रधानमन्त्रीको निर्देशन

काठमाण्डु । सरकारले महामारीको रूपमा पशु चौपायामा फैलिएको लम्पी स्किन रोग नियन्त्रणका लागि सबै प्रकारका साधन स्रोत उपलब्ध गराइएको उल्लेख गरेको छ ।

रोग नियन्त्रणका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आवश्यक चासो लिनुभएको छ । उहाँले कृषि तथा पशुपन्छीमन्त्री डा बेदुराम भुसाल र मन्त्रालयका उच्च अधिकारीलाई आवश्यक निर्देशन दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्रीले प्रभावकारीरूपमा पशु स्वास्थ्यकर्मी परिचालन गर्न, खोप आपूर्ति बढाउन तथा तत्काल खोप लगाउनका लागि जनशक्तिको आवश्यक प्रबन्ध गर्नसमेत सम्बद्ध अधिकारीलाई स्पष्ट निर्देशन दिनुभएको छ ।

सरकारले हालसम्म सात लाख ३७ हजार डोज खोप आयात गरी सातै प्रदेशमा उपलब्ध गराएको छ । पशु सेवा विभागका अनुसार एक लाख ७२ हजार एक सय २८ पशु चौपायामा खोप लगाइसकिएको छ ।

महामारी नियन्त्रणका लागि आगामी आर्थिक वर्षमा स्थानीय तहमा सङ्घीय सरकारले सःशर्त अनुदानअन्तर्गत रु एक लाखका दरले बजेट उपलब्ध गराइएको छ ।

विभागका महानिर्देशक डा सम्झनाकुमारी काफ्लेका अनुसार सङ्घीय सरकारले एक सय ६१ स्थानीय तहमा भेटेरिनरी डाक्टर र सबै स्थानीय तहमा प्राविधिकको व्यवस्थापनका लागि बजेट उपलब्ध गराएको छ ।

प्रदेश र स्थानीय तहसँग समन्वयका लागि सम्पर्क व्यक्ति तोकिएको छ । रोग रोकथाम तथा उपचारमा खटिने प्राविधिकका लागि प्राथमिक उपचारको जानकारीसहित सूचनामूलक सामग्री प्रकाशित र प्रसारित गरिएको छ ।

लम्पी स्किन गाईभैँसीमा भाइरसको कारण लाग्ने महामारी रोग हो । यो रोग लागेका पशुमा उच्च ज्वरो आउने, दाना पानी कम खाने र दूध उत्पादन घट्ने, छालामा गोलो गिर्खा र गाँठा देखिन्छ । गिर्खा केही समयपछि हराउने वा कहिलेकाहीँ गिर्खा फुटेर घाउ हुने, किरा र औँसा पर्ने, नाकमुखभित्र, कल्चौँडा, थुनमा घाउ हुने, आँसु, र्‍याल, सिँगान बग्ने, चिप्रा कचेरा लाग्ने, खुट्टा जोर्नी सुन्निनेजस्ता लक्षण देखिने महानिर्देशक काफ्लेले जानकारी दिनुभयो ।

उहाँका अनुसार सङ्क्रमित पशुमध्ये सामान्यतया एकदेखि तीन प्रतिशतसम्म पशु मर्न सक्ने र बिरामी पशुलाई स्याहारसुसार र प्राथमिक उपचार नपाएमा मृत्युदर बढ्न सक्छ । बाच्छाबाच्छी, जोत्ने गोरु, उन्नत जातका बढी दूध दिने दुधालु र गर्भिणी गाईभैँसी यस रोगका कारण मर्न सक्ने भएकाले विशेष ख्यालको आवश्यक रहेको महानिर्देशक काफ्लेको भनाइ छ ।

अफ्रिकी महादेशमा मात्रै सीमित यो रोग युरोप हुँदै बङ्गलादेश, चीन तथा भारतमा देखापरेपश्चात् पहिलोपटक नेपालमा विसं २०७७ असार महिनामा मोरङको सुन्दरहरैचा नगरपालिकामा गाईमा देखा परेको थियो । रोग देखा परेपश्चातका सुरूका दुई वर्षमा यस रोगबाट १६ जिल्लाका २९ पालिकाका तीन हजार तीन सय एक पशु सङ्क्रमित भई १३ वटा पशु मरेका थिए ।

चालु आवमा लम्पी स्किन रोगको प्रकोप देशैभरि महामारीको रूपमा फैलिँदा मनाङबाहेकका सम्पूर्ण जिल्लामा रोग पुष्टि भएको विभागको भनाइ छ । गत चैतदेखि कोशी प्रदेशका केही जिल्लामा रोगको प्रकोप देखापरेको र क्रमशः अन्य प्रदेशमा फैलिई हालसम्म ७६ जिल्लामा पुष्टि भएको छ ।

यस रोगबाट कर्णाली, सुदूरपश्चिम, कोशी र लुम्बिनी प्रदेशका मध्यपहाडी तथा पहाडी क्षेत्रमा बढी प्रभाव परेको विभागको भनाइ छ । हालसम्म प्राप्त तथ्याङ्कअनुसार सात लाख नौ हजार दुई सय तीन पशु सङ्क्रमित भएकामध्ये चार लाख ५३ हजार आठ सय १९ निको भएका छन् । यस्तै रोगबाट २५ हजार हजार सात सय ८२ पशु मरेका छन् । हाल दुई लाख २९ हजार छ सय दुई पशु सक्रिय सङ्क्रमित अवस्थामा छन् । सङ्क्रमणको दर क्रमशः घट्दै गइरहेको विभागको दाबी छ ।

यस रोगको महामारी नियन्त्रणका लागि पशु सेवा विभागबाट सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत पशु स्वास्थ्यकर्मी, निर्वाचित जनप्रतिनिधिलगायतका अन्य सरोकारवालासँग रोग रोकथाम तथा नियन्त्रणका लागि पटकपटक समन्वय र सहकार्य गरिएको महानिर्देशक काफ्लेले जानकारी दिनुभयो । विभागमा लम्पी स्किन रोग नियन्त्रण कक्ष स्थापना गरी परिचालन गरिएको र सहसचिवको नेतृत्वमा प्रदेश र स्थानीय तहका सरोकारवालासँग समन्वय गर्न सातै प्रदेशमा टोली परिचालन गरिएको छ ।

सो टोलीले प्रभावित क्षेत्रमा स्थलगत अनुगमनसहित उपचार, प्राविधिक सल्लाह दिने कार्य गरेको छ । परिचालित टोलीले सबै प्रदेशमा थप समन्वय र सहकार्यका लागि प्रदेश तथा स्थानीय तहसँग समन्वय गरेको छ । हाल रोगको प्रकोप देखिएका स्थानमा पशु चिकित्सकसहितको टोली परिचालन गरिएको छ ।

यस रोगको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक औषधिहरू तथा खोप आपूर्तिका लागि सङ्घ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक कार्य भइरहेको छ ।

त्यस्तै, लामखुट्टे, झिङ्गा, किर्नालगायतका टोक्ने किराले यो रोग सार्ने हुँदा गोठ सफा राख्न, गोठ वरिपरिका पानीका खाल्डाखुल्डी पुर्न र गोठ निःसङ्क्रमण गर्न पशुधनीलाई विभागले अनुरोध गरेको छ। रोग देखा परेको क्षेत्रमा सङ्क्रमण हुनबाट बचाउन पशु स्वास्थ्यकर्मीहरूलाई प्राथमिक उपचारबारे जानकारी गराइएको छ ।

यो रोग नियन्त्रणका लागि विगत तीन महिनादेखि विभिन्न पैठारीकर्ताले खोप आपूर्ति गरिरहेका छन् । खोप आयातका लागि विभागमा आवेदन प्राप्त हुनासाथ तत्काल पैठारीको लागि अनुमति दिइएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट विभिन्न विकास साझेदारसँग रोग रोकथाम तथा नियन्त्रणमा सहयोगका लागि समन्वय गरिएको विभागको भनाइ छ । मन्त्रालयले चालु आवमा बचत हुने रकम रोग नियन्त्रणका लागि रकमान्तर गरी स्थानीय तहमा पठाउन अर्थ मन्त्रालयमा अनुरोध गरेको छ ।

दीर्घकालीनरूपमा यो रोग नियन्त्रणका लागि आवश्यक खोप नेपालमा नै उत्पादन गर्न अन्तर्राष्ट्रियस्तरमा समन्वय भइरहेको महानिर्देशक काफ्लेले जानकारी दिनुभयो। खोप उत्पादनका लागि आवश्यक सीड तथा प्रविधि भारतसँग माग गर्न उच्च राजनीतिकस्तरबाट कूटनीतिक पहल जरुरी रहेको विभागको ठहर छ ।

प्रभावित पशुको उपचार तथा सङ्क्रमण नभएका क्षेत्रमा ठूलो मात्रामा खोप लगाउन आवश्यक भएकाले सोको लागि सरकार ास्तरबाट बजेट व्यवस्थापन गरी रोग नियन्त्रण कार्य सञ्चालन आवश्यक छ। रासस

## प्रधानमन्त्रीद्वारा 'मेमोरी किङ' शर्मालाई बधाई

*काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मेमोरी किङका रूपमा चर्चित अर्पण शर्मालाई बधाई तथा शुभकामना दिनुभएको छ ।*

*प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार बिहान भएको भेटमा प्रधानमन्त्री दाहालले शर्मालाई नेपालीको नाम विश्वमा राख्न सफल भएकोमा बधाई दिँदै आगामी दिनमा थप सफलताको शुभकामना दिनुभयो। शर्माले एक मिनटमा ८३ वस्तुको क्रम स्मरण गरेर विश्व कीर्तिमान काम गर्नुभएको हो । उहाँले त्यसको श्रेय आफ्नो ध्यान, साधना र 'मेमोरी टेक्निक'लाई दिनुहुन्छ। थप विश्व रेकर्ड कायम गर्ने अठोट गर्नुभएका शर्माले विद्यार्थीलाई पनि स्मरण शक्ति बढाउने तालिम दिँदै आउनुभएको छ।*

*स्मरण शक्तिको विधामा दोस्रो विश्व रेकर्ड कायम गर्नुभएका शर्माले छिट्टै तेस्रो रेकर्ड राख्ने तयारी गर्नुभएको छ। शर्माले यसअघि सन् २०१५ मा एक मिनटमा ४२ वस्तुको क्रम स्मरण गरेर गिनिज बुकमा नाम लेखाउनुभएको थियो।*

*शर्माले राससँग कुरा गर्दै भन्नुभयो, "यो विश्व रेकर्डको प्रमाणपत्र मेरो मात्रै नभइ सम्पूर्ण नेपालीको भएको महसुस गर्दै आगामी दिनमा अझै वर्ल्ड रेकर्ड राखेर नेपालको नाम विश्व सामू फैलाउने योजना छ।" रासस*

# बाढीपहिराबाट भएको क्षतिबारे सांसदद्वारा सरकारको ध्यानाकर्षण

काठमाण्डु । राष्ट्रियसभाका मंगलबारको बैठकमा सांसदहरूले बाढीपहिरोका कारण देशभर क्षति बढ्न थालेपछि क्षति न्यूनिकरणका लागि काम गर्न सरकार समक्ष माग गर्नुभएको छ।

सांसद गोपाल भट्टराईले रुपन्देहीमा तिनाउ नदीले खतराको चिन्हपार गरेकाले सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद जगप्रसाद शर्मा, तारामान स्वाँर, तुलसाकुमारी दाहाल, भगवती न्यौपाने, मृगेन्द्रकुमार सिंह यादव, शारदादेवी भट्ट, बिमला घिमिरे, शेखरकुमार सिंह, सुमित्रा बिसीले मुग्लिन-नारायणगढ सडकको विकल्प खोजिनुपर्नेमा जोड दिनुभयो ।

बाढीपहिरोले सातै प्रदेशमा धेरै क्षति भइसकेको उल्लेख गर्नुहुँदै उहाँहरूले अझै यसमा सरकारले तत्काल ध्यान दिन माग गर्नुभयो ।

सांसद इन्दिरादेवी गौतमले सोमबारको कार्यक्रममा प्रधानमन्त्रीले 'मलाई प्रधानमन्त्री बनाउन उहाँ धेरैपटक दिल्ली जानुभएको छ' भनेको विषय सार्वभौम मुलुकका लागि ठीक नभएको उल्लेख गर्नुहुँदै प्रधानमन्त्रीले बैठकमा आएर जवाफ दिनुपर्ने माग गर्नुभयो । रासस

# अर्थतन्त्र चलायमान हुने सङ्केत देखिएको छ : अर्थमन्त्री डा महत

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्षको प्रारम्भसँगै मुलुकको आर्थतन्त्र चलायमान हुने सङ्केत देखिएको बताउनुभएको छ ।

प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिको मंगलबारको बैठकमा अर्थमन्त्री डा महतले अर्थतन्त्र उकालो लाग्ने दिशामा रहेकाले लक्ष्य प्राप्तिका लागि छिटो हिँड्न दबाब सिर्जना भएको उल्लेख गर्नुभयो । "मुलुकको अर्थतन्त्रलाई चलायमान बताउन राज्य संयन्त्र र नागरिक समाजलगायत सबैको सामूहिक प्रयास र प्रतिबद्धता आवश्यक छ", उहाँले भन्नुभयो । राजस्व र पुँजीगत खर्च बढाउने तथा साधारण खर्च घटाउने विषयमा सरकार गम्भीर रहेको बताउँदै उहाँले अहिले अर्थतन्त्रको समग्र अवस्था सकारात्मक बाटोमा उन्मुख रहेको दाबी गर्नुभयो ।

देश आर्थिक हिसाबले समस्यामुक्त नभएको भन्दै उहाँले कुनै पनि देशको अर्थतन्त्र समस्यामुक्त नहुने जिकिर गर्नुभयो । "अर्थतन्त्रमा बहस चलिरहन्छ, समस्या आइरहन्छ, समाधानको बाटो पनि पहिल्याउँदै जाने हो", उहाँले भन्नुभयो । उहाँले आवश्यकताको तुलनामा सम्बोधन गर्न सकिने विषय अन्त्यन्त कम रहेको उल्लेख गर्नुभयो । "आवश्यकता र माग ठूलो छ, त्यसमा असन्तुष्टि आउनु स्वभाविक हो । धेरै विषय निर्णायकरूपमा सुधार गर्दै जानुपर्छ", उहाँले भन्नुभयो ।



अर्थ मन्त्रालयका राजस्व सचिव डा रामप्रसाद घिमिरेले मुलुकको समग्र राजस्व सङ्कलन र बजेट खर्च स्थिति प्रस्तुत गर्नुभयो । उहाँले पेन्सन, सामाजिक सुरक्षा, तलबलगायतमा बर्सेनि दायित्व बढ्दै गएकाले स्रोत व्यवस्थापन चुनौती बन्दै गएको बताउनुभयो ।

उहाँले चालु आर्थिक वर्ष अनिवार्य दायित्वको भुक्तानीका लागि यही असार २५ गतेभित्र करिब रु २५ अर्बको थप स्रोत व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको जानकारी दिनुभयो । "स्रोत सङ्कलनको अवस्था हेर्दा खर्चलाई मितव्ययी बनाउन जरुरी छ, पुँजीगत खर्चतर्फ विगतमा सिर्जित दायित्व भुक्तानी, स्रोत सहमति प्रदान गरिएका रकमका लागि ठूलो रकमको स्रोत व्यवस्थापन गर्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो ।

मंगलबारको बैठकमा समिति सदस्यहरूले वार्षिक लक्ष्यको तुलनामा राजस्व सङ्कलन कम भएकाले आर्थिक गतिविधि चलायमान गर्न चुनौती खडा गरेको तथा उद्योग प्रवर्द्धनमा लगानी गर्न गाह्रो भएको भनाइ राख्नुभएको थियो ।

विप्रेषणले देशको अर्थतन्त्रमा ठूलो योगदान गरिरहेको भन्दै उहाँहरूले यसमा आउने उतारचढावले उब्जन सक्ने चुनौती र वैकल्पिक मार्गबारे सरकारको धारणा माग समेत गर्नुभयो । उहाँहरूले रासायनिक मल, कृषि क्षेत्र र रणनीतिक सडकलाई पनि आवश्यक बजेट विनियोजन किन नभएको भन्ने विषयमा जिज्ञासा राख्नुभयो ।

विदेशी मुद्रा सञ्चिति विप्रेषण मात्र वा अन्य स्रोत पनि छन् भन्ने प्रश्न गर्दै समिति सदस्यहरूले स-साना आयोजनामा बजेट अन्धाधुन्धरूपमा छरेका कारण प्रतिफल प्राप्तिमा कठिनाइ भएको बताउनुभयो । रासस

# नेसपाले मुद्दा मिल्ने पार्टीसँग मोर्चा बनाउने

काठमाण्डु । नेपाल समाजवादी पार्टी (नेसपा) ले नीति, सिद्धान्त र विचार मिल्ने पार्टी र समूहसँग संवाद एवं सहकार्य गरी मोर्चा बनाउने भएको छ ।

नेसपा केन्द्रीय समितिको मंगलबार बसेको बैठकपछि जारी विज्ञप्तिमा सो कार्यका लागि सो पार्टीले यही असारदेखि अभियान सञ्चान गर्ने जनाएको छ ।

आगामी पुस महिनासम्म सञ्चालन गरिने अभियानको विस्तारित खाका सार्वजनिक गर्दै सो पार्टीले सङ्गठन निर्माण तथा विस्तार अभियान २०८० अन्तर्गत अग्रगामी शक्तिको बृहत् ध्रुवीकरणमार्फत देशमा नयाँ वैकल्पिक शक्ति निर्माण गर्न प्रयत्नशील रहनेसमेत जनाएको छ ।

"दीर्घकालीन वैचारिक स्पष्टतासहित तत्कालीन जनसरोकारका मुद्दामा दृढ भएर आमजनताबीच सङ्गठन निर्माण गर्दै सडक, सदन र सरकारबाट जनतालाई गोलबन्द गरेर अघि बढ्ने उद्देश्यले 'सङ्गठन निर्माण तथा विस्तार अभियान' सञ्चालन गर्न लागिएको छ", सो पार्टीका प्रचार विभाग प्रमुख विश्वदीप पाण्डेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी अभियानमार्फत पार्टीलाई वैचारिकरुपमा प्रगतिशील, लोकतान्त्रिक, समाजवादी विकल्पको रुपमा स्थापित गर्ने नेसपाले जनाएको छ । साथै, सबै स्थानीय तहसम्म सङ्गठनात्मक सञ्जाल विस्तार गर्ने नेसपाले जनाएको छ ।

अभियानको संयोजन प्रदेशमा केन्द्रीय कार्यकारिणी सदस्यले गर्ने छन् भने जिल्ला र पालिकाको अभियानको नेतृत्व केन्द्रीय सदस्य, सङ्घीय परिषद् सदस्य वा प्रदेश सदस्यले गर्ने छन् । नेसपाले अभियान्ताहरूले पालना गर्नुपर्ने नियम र आचारसंहिता पनि सार्वजनिक गरेको छ । रासस


स्वच्छ खानेपानी सुविधा पुर्याउन "स्वच्छ जल, स्वस्थ्य जीवन" खानेपानी योजना सञ्चालनमा सहयोग गरौं ।

मधेश सरकार
मधेश प्रदेश
उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा



- भवन निर्माण गर्दा भवन आचारसंहिताको पूर्ण रुपमा पालना गरौं ।
- प्रादेशिक सडक निर्माणको लागि 'एक निर्वाचन क्षेत्र एक सडक' कार्यक्रम अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा ५/५ कि.मी. सडक कालोपत्रे गरिने प्रदेश सरकारको गौरव आयोजनाको रुपमा रहेकोले यसको पूर्ण कार्यान्वयनमा सहयोग गरौं ।
- पालिकाको केन्द्रहरुलाई प्रदेश राजधानीसंग पक्कि सडक संजाल मार्फत वैदेशिक सहयोगमा 'प्रादेशिक एवम् स्थानीय सडक सुधार कार्यक्रम' संचालन गरिने नीति रहेकोले यसमा सबैले सहयोग गरौं ।
- सडक, पुल तथा भौतिक पूर्वाधार निर्माण कार्य गुणस्तरीय तथा मापदण्ड बमोजिम गरौं ।

मधेश सरकार
पूर्वाधार विकास निर्देशनालय
मधेश प्रदेश, जनकपुरधाम, नेपाल

# मलेशियामा अनिवार्य मृत्युदण्डको नीति हट्यो

**बीबीसी**

मलेशिया । मलेशियामा गम्भीर अपराधका घटनामा दिइने अनिवार्य मृत्युदण्डको सजाय हटाउने निर्णय मङ्गलवारबाट कार्यान्वयनमा आएको छ। हत्या र आतङ्कवाद जस्ता गम्भीर अपराध दोषी ठहर हुनेहरूलाई अब ४० वर्षसम्मको कारावास हुने मलेशियाका स्थानीय सञ्चार माध्यमहरूले जनाएका छन्।असाधारण घटनाहरूमा भने मृत्युदण्डको सजाय सुनाउने अधिकार न्यायाधीशहरूसँग कायमै रहने छ।

अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था एमनेस्टी इन्टरन्याशनलका अनुसार मलेशियामा मृत्युदण्डको सजाय सुनाइएकाहरूको सङ्ख्या झन्डै १३ सय रहेको अनुमान गरिएको छ। सन् २०१८ यता भने त्यहाँ मृत्युदण्ड कार्यान्वयन गरिएको छैन। गत एप्रिलमा संसद्ले देशको कानुनमा अनिवार्य मृत्युदण्डको सजाय हटाउने पक्षमा मतदान गरेको थियो।

मलेशियामा पछिल्लो तीन दशकमा १३ सयभन्दा बढी दोषीलाई फाँसी दिइएको छ। मलेशिया नेपालीहरूको प्रमुख श्रम गन्तव्य मध्यमा पर्छ। गत एप्रिलमा संसद्लाई सम्बोधन गर्ने क्रममा त्यहाँका उप कानुनमन्त्रीले मृत्युदण्ड अपरिवर्तनीय रहे पनि यसले अपराधलाई निरुत्साहित नगरेको बताएका थिए। "मृत्युदण्डले जस्तो नतिजा ल्याउनुपर्थ्यो त्यो ल्याएन," रामकरपाल सिंहले भनेका थिए।



**९० दिनभित्र निवेदन दिन पाइने**

मलेशियाको संसद्ले पारित गरेको नयाँ कानुनले यसअघि नै मृत्युदण्डको फैसला सुनाइएका तर सजाय पाउन बाँकी मानिसहरूलाई पनि ९० दिनभित्र सजायबारे पुनरावेदन माग गर्ने समय दिने बताइएको छ।

मलेशियामा हाल १,३४१ कैदीहरू छन्। मलेशियामा ३४ वटा अपराधमा मृत्युदण्ड दिइन्छ। तीमध्ये एप्रिल महिनाको ३ तारिख अघि ११ वटामा अनिवार्य मृत्युदण्ड दिइन्थ्यो।

विद्यमान मृत्युदण्डको कानुनी व्यवस्था उल्टाउने प्रक्रिया गत जुनमा सुरु भएको थियो। पूर्वप्रधानमन्त्री इस्माइल साब्री यकोब नेतृत्वको सरकारले अनिवार्य मृत्युदण्डको सजाय हटाउने घोषणा सुरु गरेको थियो। मृत्युदण्डको अन्त्यका लागि दुई वटा विधेयक मार्चको अन्तिम साता संसद्मा दर्ता गरिएका थिए।

यसअघि पछिल्ला वर्षहरूमा मृत्युदण्डको सजाय दिइने ५३ देशहरूमा मलेशिया पनि पर्थ्यो। यो क्षेत्रमा चीन र सिङ्गापुरमा पनि मृत्युदण्डको सजाय दिने कानुन छ। मलेशियाको सरकारी तथ्याङ्क अनुसार त्यहाँ सन् १९९२ देखि २०२३को बीचमा करिब १,३१८ जना कैदीहरूलाई झुन्ड्याएर मृत्युदण्ड दिइएको छ।

**मलेशियामा कति छन् नेपाली कामदार**

यसअघि मलेशियामा नेपालीहरूलाई पनि मृत्युदण्डको सजाय दिने फैसला भएका थिए। कतिपय त्यस्ता खाले फैसलामा पुनरावेदन हुँदा मृत्युदण्ड नदिन आदेश भएका विवरण आएका थिए। अधिकारीहरूका अनुसार सन् २००८ मा विदेश जाने कामदारहरूको तथ्याङ्क राख्न थालिएयता मलेशिया नेपालीहरूको एउटा प्रमुख श्रम गन्तव्यको रूपमा रहेको देखिन्छ।

झन्डै १५० वटा देशमा नेपाली कामदारहरू पुगेको भए पनि ८० प्रतिशतभन्दा बढी नेपाली कामदार खाडीका छ देश र मलेशियामा काम गर्न जाने गर्छन्। क्षन्डै पाँच महिना अघि नेपाल आएका मलेशियाका गृहमन्त्री सैफुदिन नासितुन इस्माइलले नेपालबाट 'उल्लेख्य सङ्ख्यामा' कामदार लैजाने प्रतिवद्धता जनाएको विवरण आएका थिए।

मलेशिया सरकारले विभिन्न क्षेत्रमा झन्डै पाँच लाख नयाँ कामदार भित्र्याउन लागेका विवरणहरू सार्वजनिक भएको अवस्थामा उनको नेपाल भ्रमणलाई अर्थपूर्ण रूपमा हेरिएको थियो। श्रम तथा वैदेशिक रोजगार मन्त्रालयका अनुसार मलेशियामा काम गर्ने नेपाली श्रमिकहरूको सङ्ख्या चार लाखको हाराहारीमा छ। मलेशियाले भने उक्त सङ्ख्या तीन लाखको आसपासमा रहेको बताउने गरेको छ। अन्य श्रम गन्तव्यको तुलनामा मलेशियामा नेपालका महिला कामदारहरूको सङ्ख्या भने अत्यन्त न्यून रहेको अधिकारीहरू बताउँछन्।

# नेपाल एसीसी यू-१६ पूर्वी क्षेत्रीय क्रिकेटको च्याम्पियन

काठमाण्डु : नेपालले एसिसी यू-१६ पूर्वी क्षेत्रिय कप क्रिकेटको च्याम्पियन बनेको छ । नेपालले फाइनल खेलमा मलेसियालाई दुई सय २१ रनले हराउँदै उपाधि जितेको हो । नेपालले लगातार तेस्रो पटक उक्त उपाधि जितेको हो । नेपालले यसअघि सन् २०१७ मा सिङ्गापुरलाई तथा सन् २०१९ मा मलेसियालाई हराउँदै उपाधि जितेको थियो ।

मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गर्दै नेपालले निर्धारित ३५ ओभरमा आठ विकेटको क्षतिमा दुई सय ५२ रन बनायो । दुई सय ५३ रनको विजयी लक्ष्य पछ्याउने क्रममा मलेसियाको पारी १४ दशमलव पाँच ओभरमा ३१ रनमै समेटियो । मलेसियाका लागि मोहम्मद अक्रमले १० रनाए । अन्य खेलाडीले दोहरो अङ्कको रन बटुल्न सकेनन् ।

बलिङतर्फ नेपालका लागि कप्तान अभिषेक तिवारीले ६ ओभरमा एक मेडन राख्दै सात रन दिएर पाँच विकेट लिए । यस्तै सन्तोष यादवले तीन तथा सागर

> ***मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गर्दै नेपालले निर्धारित ३५ ओभरमा आठ विकेटको क्षतिमा दुई सय ५२ रन बनायो । दुई सय ५३ रनको विजयी लक्ष्य पछ्याउने क्रममा मलेसियाको पारी १४ दशमलव पाँच ओभरमा ३१ रनमै समेटियो । मलेसियाका लागि मोहम्मद अक्रमले १० रनाए । अन्य खेलाडीले दोहरो अङ्कको रन बटुल्न सकेनन् ।***

गैरेले एक विकेट लिए ।

यसअघि ब्याटिङ गर्ने क्रममा नेपालका लागि नरेन भट्टले शतकीय पारी खेले । उनले ८९ बल खेल्दै दुई छक्का र १० चौकाको मद्दतमा अविजित एक सय १२ रन बनाए । यस्तै नीरज यादवले ४७, सुर्यांशु कोइरालाले १८, सन्तोष यादवले २६ र अशोक धामीले ११ रन बनाए ।

बलिङतर्फ मलेसियाका मोहम्मद अक्रमले तीन तथा आरिन एक्विल र मुहम्मद फदुल मुइनले एक/एक विकेट लिए ।सोमबार नेपालले सिङ्गापुरलाई तथा मलेसियाले हङकङलाई हराउँदै फाइनलमा स्थान बनाएका थिए ।

प्रतियोगितामा नेपालसँगै मलेसिया, सिङ्गापुर, हङकङ, मालदिभ्स, इन्डोनेसिया र थाइलैण्ड सहभागी थिए । रासस

# युक्रेनले मस्कोमा ड्रोन हमला गर्‍यो : रुस




**एजेन्सी**

कीभ । रुसको रक्षा मन्त्रालयले युक्रेनले मस्कोमा ड्रोन आक्रमण गरेको जनाएको छ । यसका कारण मस्कोको दक्षिण पश्चिमी छेउमा रहेको भानुकोभो अन्तर र्राष्ट्रिय विमानस्थलबाट उडानहरू डाइभर्ट गर्नुपरेको बताइएको छ । मंगलबारको आक्रमणमा मस्कोमा पाँच ड्रोन प्रहार गरिएको बताइएको छ । यस हमलामा मस्को वरपरको ठुलो क्षेत्रलाई निशाना बनाइएको छ।

रुसी रक्षा मन्त्रालयले सबै पाँच ड्रोन नष्ट भएको जनाएको छ । यस हमलामा कुनै पनि जनधनको क्षति भएको छैन । युक्रेनले यस कथित आक्रमणको कुनै जिम्मेवारी लिएको छैन ।मस्कोको तीन अन्तर्राष्ट्रिय विमानस्थलमध्ये एक भनुकोभो अन्तर्राष्ट्रिय विमानस्थलमा लगाइएको उडान प्रतिबन्ध अब हटाइएको छ ।

उडान प्रतिबन्धले टर्की, युएई र इजिप्टबाट आउने उडानहरू प्रभावित भएका छन् । रक्षा मन्त्रालयका अनुसार मस्कोको क्षेत्रमा उडेका चार ड्रोनलाई वायु रक्षा प्रणालीले नष्ट गरेको छ भने पाँचौं ड्रोन दुर्घटना हुनुअघि नै रोकिएको थियो ।

रुसी विदेश मन्त्रालयकी प्रवक्ता मारिया जाखारोभाले टेलिग्राममा उक्त घटना बारे भनिन्, 'युक्रेनले सिभिल इन्फ्रास्ट्रक्चर रहेको क्षेत्रमा आक्रमण गर्ने प्रयास गरेको थियो । यसमा अन्तर्राष्ट्रिय उडानहरू आउने विमानस्थल पनि छ । यो आतङ्कवादी कार्य हो ।'

# विषाक्त मदिरा सेवनबाट चार जनाको मृत्यु

**सिन्ह्वा**

नोम पेन्ह । उत्तरपूर्वी कम्बोडियाको रतनकिरी प्रान्तमा चामलको विषाक्त मदिरा पिएका चार जनाको मृत्यु भएको छ ।

उच्च मात्रामा मिथेनोल भएको मदिरा पिएका पाँच जनामध्ये चार जनाको ज्यान गएको सरकरी अधिकारीहरूले बताएका छन् । विषाक्त मदिरा पिएर गम्भीर बिरामी भएका उनलाई अस्पताल भर्ना गरिएको छ । मृतकहरू केराको व्यावसायिक खेती गर्ने कृषि कम्पनीका कामदार हुन् ।

प्रयोगशाला परीक्षणबाट मदिरामा उच्च मात्रामा मिथेनोल भेटिएको र उनीहरूको मृत्युको कारण भएको प्रान्तीय गभर्नरले बताएका छन् । मदिरा बिक्रेतासँग कानुन कार्यान्वयन निकायका अधिकारीले सोधपुछ गरेका छन् । सस्तो मूल्यका कारण घरेलु मदिराप्रति पियक्कडहरूको आकर्षण बढेको छ ।

गत महिना पनि उत्तरपश्चिमी पुरसट प्रान्तमा विषाक्त मदिरा सेवन गरेका एक जनाको मृत्यु भएको थियोभने अन्य २७ जना बिरामी भएका थिए ।

# एकै परिवारका बाह्र जना बगे

**एएफपी**

क्वालालम्पुर । मलेसियाको एक नदीमा पौडी खेलिरहेका परिवारका १० जना सदस्य बगेका छन् । पौडी खेलेको स्थानबाट २५ किलोमिटर मुनि सात जनाको शव भेटिएका एक जना वरिष्ठ प्रहरी अधिकारीले बताएका छन् ।

गत शुक्रबार पूर्वीराज्य तेरेङ्गगानुको चुकाई जिल्लाको जङ्गलमा रहेको जेराम मावारमा उक्त दुर्घटना भएको हो ।

दुर्घटनामा चारदेखि ४० वर्षको उमेर समूहका मानिसले ज्यान गुमाएका छन् । स्थानीय प्रहरी प्रमुख हान्यान रामलानका अनुसार नदीले बगाएर ज्यान गुमाएका नौ जना एकै परिवारका सदस्य र एक जना विवाहका निम्ति निर्धारण गरिएकी कन्या थिइन् ।

तीन मिटरसम्म पानीको बहाव बढेपछि पौडीमा रमाइरहेका उनीहरूलाई भेलले बगाएको थियो । उनीहरूले पानीको बहाव अचानक बढ्ने कल्पना पनि गरेका थिएनन् ।

'ट्र्याकर' कुकुरको सहयोगमा विभिन्न निकायका दुई सय १० जना अधिकारीको अगुवाइमा बाँकी तीनजना पीडितको खोजी भइरहेको छ ।

# विश्वव्यापी शासन सुधार गर्ने कुरामा राष्ट्रपति सीको जोड

**सिन्ह्वा**

बेइजिङ । चिनियाँ राष्ट्रपति सी चिन फिङले मङ्गलबार बहुपक्षीयतालाई कायम राख्दै विश्वव्यापी शासन व्यवस्थामा सुधार गर्ने प्रयासमा जोड दिनुभएको छ।

साङ्घाई सहयोग सङ्गठनको शिखर सम्मेलनमा भिडियो लिङ्क मार्फत सम्बोधन गर्दै राष्ट्रपति सीले उक्त टिप्पणी गर्नुभएको हो।

सो अवसरमा उहाँले आधिपत्यवाद र शक्तिको राजनीतिको विरोध गर्न, विश्वव्यापी शासन प्रणालीलाई थप न्यायपूर्ण बनाउन र सबैका लागि समान अधिकार, समान अवसर र निष्पक्ष नियमहरू अगाडि बढाउन ठोस र निरन्तर प्रयासद्वारा मानव समाजको आधुनिकीकरणलाई प्रवर्द्धन गर्न समेत आह्वान गर्नुभयो।

# अफगानिस्तानमा ब्युटीपार्लरमाथि तालिवानले लगायो प्रतिबन्ध

**एजेन्सी**

काबुल । तालिबानले काबुल र देशका अन्य प्रान्तहरूमा महिलाको सौन्दर्य सैलुन (ब्युटीपार्लर) मा प्रतिबन्ध लगाउने नयाँ आदेश जारी गरेको छ। तालिबान मन्त्रालयका प्रवक्ता मोहम्मद अकिफ महजारले टोलो न्यूजलाई यसबारे जानकारी दिए ।

तालिवानको मन्त्रालयले काबुल नगरपालिकालाई तालिबान नेताको नयाँ आदेश कार्यान्वयन गर्न र महिला सौन्दर्य सैलुनहरूको लाइसेन्स रद्द गर्न पनि आदेश दिएको छ। तालिवानको यो आदेशमा मेकअप आर्टिस्ट रेहान मुबारिजले भने, 'पुरुषहरू बेरोजगार छन्, जसकाकारण पुरुषहरूले आफ्नो परिवारको हेरचाह गर्न सक्दैनन्, महिलाहरू रोटीको खोजीमा ब्यूटी सैलुनहरूमा काम गर्न बाध्य हुन्छन्। यदि उनीहरूलाई त्यहाँ प्रतिबन्ध लगाइयो भने हामी के गर्न सक्छौं ?' एक मेकअप आर्टिस्टले भने, 'परिवारका पुरुषको जागिर छ भने हामी घरबाट बाहिर निस्कने छैनौं। हामी के गर्न सक्छौं ? हामी भोकै बस्ने,



के गर्ने ? तपाई हामीलाई मार्न चाहनुहुन्छ।' यो इस्लामिक इमिरेट्सले केटीहरू र महिलाहरूलाई स्कूल, विश्वविद्यालय र गैरसरकारी संस्थाहरूमा काम गर्नका साथै पार्क, सिनेमाघर र अन्य मनोरञ्जन क्षेत्रहरू जस्ता सार्वजनिक क्षेत्रहरूमा जान प्रतिबन्ध लगाएको छ। सो प्रतिबन्ध लगाए पछि काबुलका बासिन्दा अब्दुल खाबिरले भने, 'सरकारले यसका लागि फ्रेमवर्क बनाउनुपर्छ। फ्रेमवर्क यस्तो हुनुपर्छ कि न इस्लामलाई न देशलाई हानि पुगोस्।'

# अमेरिकाको फिलाडेल्फियामा गोलीबारी, चारको मृत्यु



**एजेन्सी**

वासिंगटन । अमेरिकाको फिलाडेल्फियामा गोलीबारी हुँदा चार जनाको मृत्यु भएको छ । प्रहरीले यसबारे जानकारी दिएको छ ।

समाचार एजेन्सी रोयटर्सले स्थानीय सञ्चारमाध्यम र प्रहरीलाई उद्धृत गर्दै उक्त गोलीबारीमा चार जनाको मृत्यु भएको जानकारी दिएको छ ।

गोली लागेर आठ जना घाइते भएका छन् । आक्रमणमा दुई बालबालिका पनि घाइते भएका छन् ।

सीएनएनका अनुसार यस मामिलामा एक संदिग्धलाई हिरासतमा लिइएको छ र हतियार बरामद गरिएको छ ।

गोली लागेर घाइते भएका दुई बालबालिकालाई अस्पताल लगिएको छ । फिलाडेल्फियाको एउटा अखबारले सन्दिग्धले बुलेट प्रुफ ज्याकेट लगाएको थियो र राइफल र ह्यान्डगन बोकेको जानकारी दिएको छ ।

प्रहरीले विभिन्न स्थानमा घाइतेहरूलाई फेला पारेको छ । स्थानीय समय अनुसार राति ८.३० बजे गोलीबारी भएको हो ।

बीबीसी न्युजले फिलाडेल्फिया पुलिसबाट यस बारे थप जानकारी जान्न खोज्दा कुनै प्रतिक्रिया आएन । प्रहरीले अझै केही आक्रमणकारीको खोजी गरिरहेको छ ।

# पाकिस्तानमा नक्कली प्रहरी मुठभेडका घटना बढ्दै

**एएनआई**

इस्लामाबाद । पाकिस्तानमा नक्कली प्रहरी मुठभेडका घटना बढेकामा नागरिक समाजले चिन्ता व्यक्त गरेको छ ।

दैनिक समाचारपत्र डनका अनुसार नक्कली मुठभेडका घटना देशमा सामान्य बन्दै गएका छन् । कराँची निवासी काशिफ प्रहरीको नक्कली मुठभेडको शिकार भएका थिए । त्यसपछि उनी धरौटीमा रिहा भई गृहनगर फर्किएका छन् ।हिरासतमा हुँदा प्रहरीसँगको 'इनकाउन्टर' मा गोली लागेर घाइते भएका कासिफको एउटा खुट्टा काट्नुपरेको थियो ।

काशिफकी आमा जरिनाका अनुसार जे नहुनु पर्ने थियो त्यही भयो अर्थात् प्रहरीको नक्कली मुठभेडको शिकार बनेको आफ्नो छोराले खुट्टा गुमायो । प्रहरीले अनाहकमा काशिफलाई प्रहरी चौकीभित्रै खुट्टामा दुई पटक गोली हानेको थियो ।

समाचारपत्र डनले मंगलबार सार्वजनिकगरेकोसमाचारअनुसार प्रहरी चौकीमा काशिफको जस्तै नियति अन्य छ जनाले भोग्नुपरेको थियो । उनीहरूको अहिले लियाकत विश्वविद्यालय अस्पतालमा उपचार भइरहेको छ ।जाली मुठभेडमा 'हाफ फ्राई र फुल फ्राई' को क्रूर शासन चलेको छ । उच्च अधिकारीले हाफ फ्राईको आदेश दिए 'खुट्टा भाँच्ने' र फुल फ्राइ गर्न निर्देशन दिए ज्यान नै लिने गरिन्छ ।

# रुसी पत्रकारमाथि चेचन्यामा साङ्घातिक आक्रमण

**एएफपी**

मस्को । खोज पत्रकारकारिताका निम्ति ख्याति कमाएका रूसका एक जना पत्रकारमाथि चेचन्यामा साङ्घातिक आक्रमण भएको छ । चेचन्या भ्रमणमा रहेका उनीमाथि सशस्त्र आक्रमणकारीहरूले नराम्ररी कुटपिट गरेपछि अस्पताल भर्ना हुनुपरेको मानव अधिकार समूह मेमोरियलले जनाएको छ ।

"एलेना मिलाशिनाको औंला भाँचिएको छ र उनी बेलाबेलामा बेहोस हुन्छिन् । उनको शरीरभरि चोट लागेको छ । उनका उपकरण खोसेर र तोडफोड गरिएको छ " समूहले सामाजिक सञ्जालमा भनेको छ । मिलासिना र वकिल अलेक्जेन्डर नेमोभ एयरपोर्टबाट आफ्नो गन्तव्यतर्फ गइरहेका बेला



आक्रमण भएको हो ।

मिलाशिना काम गर्ने रूसको शीर्ष स्वतन्त्र प्रकाशन नोभाया गजेटाले घटनाको पुष्टि गर्दै उनी र वकिल नेमोभ चेचन राजधानी ग्रोज्नीको अस्पतालमा रहेका बताएको छ । नोभाया गजेटाले चेचेन शक्तिशाली रमजान कादिरोभको आलोचना गर्ने तीन जना निर्वासितकी आमा जरेमा मुसाइभाको सजायको सुनुवाइमा भाग लिन उनी ग्रोज्नी गएको जनाएको छ ।

रुसको प्रसिद्ध समाचारपत्र नोभाया गजेटामा मिलाशिनाले चेचन्यामा भएका मानवअधिकार उल्लङ्घनका घटनाबारे वर्षौंदेखि समाचार एवम् टिप्पणी छाप्दै आएकी थिइन् । उनलाई चेचेन नेतृत्वबाट ज्यान मार्ने धम्की पनि आएको थियो ।



सुनसरीको इनरुवामा धान रोप्दै किसान। माना रोपेर मुरी उब्जाउने यो बेला किसानलाई धान रोप्न भ्याईनभ्याई छ। *तस्बिर : रासस*

# किसानलाई मल अभाव

काठमाण्डु । बजारमा यसवर्ष किसानलाई मल अभाव भएको छ । मल आयातको जिम्मेवारी पाएका साल्ट ट्रेडिङ कम्पनी र कृषि सामग्री लिमिटेडले समयमै आयात गर्न नसक्दा मल अभाव भएको हो।

दुवै कम्पनीले चालु आवमा युरिया दुई लाख ५१ हजार मेट्रिक टन र डिएपी एक लाख मेट्रिक टन आयात गरिसकेको छ। तर पोटास मल भने हालसम्म आयात गर्न सकेको छैन। चालु आवका लागि चार लाख ७८ हजार पाँच सय मेट्रिक टन मल आयात गर्न बोलपत्र आह्वान गरेकामा चाँडै नै एक लाख २७ हजार पाँच सय मेट्रिक टन मल आउने क्रममा रहेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अधिकृत दीपक पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार युरिया ५० हजार मेट्रिक टन, डिएपी ७० हजार मेट्रिक टन र पोटास सात हजार पाँच सय मेट्रिक टन मल आयात गर्ने क्रममा छ।

सातै प्रदेशका डिपोमा हाल ७८ हजार चार सय ७५ मेट्रिक टन मल मौज्दात छ। बजारमा वार्षिक करिब सात लाख मेट्रिक टन मलको माग छ। मुख्य बालीका रूपमा रहेको धान रोपाइँको समयमा मल अभाव भएको किसानको गुनासो छ।

स्थानीय तहको समन्वयमा क्षेत्रफलको आधारमा वैज्ञानिक प्रणालीबाट मल न्यायोचितरूपमा वितरण गरिएको मन्त्रालयले जनाएको छ। किसानलाई सुविधा उपलब्ध गराउने उद्देश्यले सरकारले आयात गर्ने मलमा अनुदानको व्यवस्था गरिएको छ। चालु आवमा मल आयातका लागि रु ३१ अर्ब रकमको व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ। रासस

# नेपाल उद्योग परिसङ्घको टोलीद्वारा दुई मन्त्रीसँग भेट

काठमाण्डु । नेपाल उद्योग परिसङ्घको टोलीले दुई मन्त्रीसँग भेटवार्ता गरेको छ। परिसङ्घका नवनिर्वाचित अध्यक्ष राजेशकुमार अग्रवाल नेतृत्वको टोलीले मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी र सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीसँग भेट गरेको हो।भेटमा मुलुकको अर्थतन्त्र, श्रम तथा रोजगारलगायत विषयमा छलफल भएको परिसङ्घले जनाएको छ।

भेटमा परिसङ्घका अध्यक्ष अग्रवालले अर्थतन्त्रलाई चलायमान बनाउन, घटेको निजी क्षेत्रको मनोबल उकास्न सरकारले काम गर्नुपर्ने बताउनुभयो।

उहाँले कर्मचारीको न्यूनतम पारिश्रमिक वृद्धि गर्न आग्रह गर्नुभएको थियो। मन्त्रीद्वय भण्डारी र मोदीले परिसङ्घका नवनिर्वाचित कार्यसमितिका पदाधिकारीलाई बधाई तथा शुभकामना दिँदै निजी क्षेत्रको विकासका लागि सरकारको सहयोग रहने बताउनुभएको थियो। रासस

# अर्थ मन्त्रालयलाई करिब पाँच खर्ब राजस्व उठाउने चुनौती

काठमाण्डु । चालु आर्थिक वर्षमा राजस्व सङ्कलनको लक्ष्य रु १४ खर्ब तीन अर्ब १४ करोड राखिएकोमा असार १८ गतेसम्म रु आठ खर्ब ९९ अर्ब पुगेको छ।

अर्थ मन्त्रालयका अनुसार यो राजस्व सङ्कलन लक्ष्यको करिब ६४ प्रतिशत हो। चालु आवको लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न अब बाँकी अवधिमा करिब रु पाँच खर्ब उठाउनुपर्ने हुन्छ।





आयात घटेकाले कारण भन्सारबाट हुने राजस्व सङ्कलनमा कमी आएको र कसिलो मौद्रिक नीति र निजी क्षेत्रमा लगानी कमजोर हुँदा पूर्वाधार निर्माणमा पनि यस अवधिमा अपेक्षित सफलता हासिल हुन कठिनाइ परेको मन्त्रालयको भनाइ छ। सो अवधिमा आयात घटेको, रेमिट्यान्स र पर्यटक आगमनमा सुधार भएकाले व्यापार घाटा कम भएको मन्त्रालयको भनाइ छ।

भन्सारतर्फ राजस्व असुली लक्ष्य रु छ खर्ब नौ अर्ब ५४ करोड लक्ष्य रहेकामा जेठ मसान्तसम्ममा रु तीन खर्ब ४८ अर्ब १८ करोड मात्र उठेको छ। यो लक्ष्यको ६१ दशमलव २९ प्रतिशत मात्र हो।

आन्तरिक राजस्व विभागतर्फ रु पाँच खर्ब २४ अर्ब ३४ करोडको राजस्व सङ्कलन लक्ष्य निर्धारण गरिएकामा उक्त अवधिसम्म रु चार खर्ब १० अर्ब ८२ करोड मात्र उठेको छ। यो लक्ष्यको ७० दशमलव १५ प्रतिशत हो। आन्तरिक उत्पादन र व्यापार घट्न गई आन्तरिक राजस्व अपेक्षित बढन नसकेको मन्त्रालयको भनाइ छ।

गैर कर सङ्कलनतर्फ भने अघिल्लो वर्षको तुलनामा ११ दशमलव ८८ प्रतिशत बढी अर्थात रु ७७ अर्ब ७५ करोड राजस्व सङ्कलन भएको छ। यसअवधिमा सङ्घीय सरकारको खर्च भने रु १२ खर्ब ५४ अर्ब भएको छ।

मन्त्रालयका अनुसार चालुतर्फ रु नौ खर्ब २९ करोड, पुँजीगततर्फ रु एक खर्ब ६८ अर्ब, वित्तिय व्यवस्थापतर्फ रु एक खर्ब ५५ अर्ब खर्च भएको छ। चालु आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोतमा राजस्वतर्फ रु १२ खर्ब ४० अर्ब तथा अनुदान प्राप्ति रु ५५ अर्ब, वैदेशिक ऋण रु दुई खर्ब ४२ अर्ब र आन्तरिक ऋण रु दुई खर्ब ५६ अर्ब छ। चालु आर्थिक वर्षको बजेट रु १७ खर्ब ९३ अर्ब रहेकामा चालुतर्फ रु ११ खर्ब ८३ अर्ब पुँजीगतर्फ रु तीन खर्ब ८० अर्ब र वित्तीय व्यवस्थापनतर्फ रु दुई खर्ब ३० अर्ब छ। समितिको बैठकमा बैंक तथा वित्तीय संस्थामा हाल निक्षेप रु ५४ खर्ब ५३ अर्ब ४४ करोड सङ्कलन भएको जानकारी दिइयो।

चालु खर्चभित्र प्रदेश र स्थानीय तहलाई हस्तान्तरण हुने रु चार खर्ब २९ अर्ब छ। आगामी आर्थिक वर्षका लागि विनियोजन बजेट अधिकतम सदुपयोग गर्न राज्य संयन्त्र र अन्य सरोकार निकायबीच क्रियाशील, सक्रियता र समर्पण भएमा लक्ष्य हासिल गर्न सकिने जनाउँदै अर्थमन्त्री डा प्रकाशरण महतले सरकार बजेट कार्यान्वयनमा गम्भीर भएर लाग्ने भएकाले सहयोग र समन्वयनका लागि समितिसँग आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो, "स्थानीयवासीलाई रोजगारी दिने नाममा नचाहिने ठाउँमा पनि सडक पुर्‍याउने होडबाजीलाई रोक्नुपर्छ, आवश्यकताका आधारमा बजेट सदुपयोग हुने ढङ्गले खर्च गर्ने परिपाटी विकास गर्न आवश्यक।"

चालु खर्चको वृद्धि राजस्व असुलीको दरभन्दा बढी रहेको तथा बर्सेनि १० खर्बभन्दाबढी अनिवार्य दायित्वमा खर्च हुने गरेकाले आन्तरिक स्रोतले धान्नसमेत धौधौ परेको मन्त्रालयका राजस्व सचिव डा रामप्रसाद घिमिरेले बताउनुभयो।

चालु आर्थिक वर्षमा आन्तरिक ऋणको साँवा तथा ब्याजमा भुक्तानीमा रु ४३ अर्ब, रासायिनिक मल खरिदमा रु सात अर्ब, कर्मचारी, शिक्षक र सुरक्षाकर्मीको वृद्धि भएको तलबभत्तामा ३० अर्ब र सामाजिक भत्तामा रु ६ अर्ब थप बजेट व्यवस्था गर्नुपरेको थियो।

चालु खर्चमा मितव्ययिता कायम गर्न र पुँजीगत खर्चलाई पुनःप्राथमिकिकरण गरी बजेट कार्यान्वयन गरिएको तथा केही खर्च शीर्षकमा बजेट रोक्का र केही खर्च शीर्षकको बजेट कटौती गरी कार्यान्वयन गरिएको जानकारी अर्थमन्त्रालयको भनाइ छ। सुरक्षाकर्मीको रासन र कैदीबन्दीको सिदाका लागि रु दुई अर्ब थप स्रोत व्यवस्थापन गर्नेपर्ने अवस्था छ। स्रोतमा परेको दबाबका कारण स्रोत सहमतिलाई कडाइ गरिएको छ। रासस

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो





काठमाण्डु । यो साताको सुरुवाती दुई दिन ओरालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार दोहोरो अङ्क बढेको छ। मंगलबारको कारोबारमा नेप्से परिसूचक १२ दशमलव ७३ अङ्कले बढेर दुई हजार ८८ दशमलव ७० अङ्कमा कायम भएको हो।

मंगलबार विभिन्न दुई सय ८२ कम्पनीका ६४ लाख ५० हजार नौ सय ३४ कित्ता शेयर ४६ हजार सात सय ३१ पटक खरिदबिक्री हुँदा रू दुई अर्ब ५७ करोड ६१ लाख ४० हजार एक सय २८ बराबरको कारोबार भएको छ।

नेप्से परिसूचकसँगै सबै समूहको उपसूचक पनि हरियो देखिएको छ। सबैभन्दा धेरै होटल तथा पर्यटन समूह एक सय ३३ दशमलव ३४ र निर्जीवन बीमा समूह ७८ दशमलव ०७ अङ्कले बढेको छ। बैंकिङ समूह एक दशमलव ०७, विकास बैंक ३१ दशमलव ०५, वित्त ३५ दशमलव ३४, जलविद्युत् तीन दशमलव १६, लगानी शून्य दशमलव ९९ र जीवन बीमा ३० दशमलव ५० अंकले बढेको छ।

त्यसैगरी, उत्पादन तथा प्रशोधन ४० दशमलव ०८, लघुवित्त ३० दशमलव २१, म्युचुअल फन्ड शून्य दशमलव ०२, व्यापार १५ दशमलव ८१ र अन्य समूह १५ दशमलव ८१ अङ्कले बढेको छ।

सिटी होटल लिमिटेडको शेयर मूल्यमा नौ दशमलव ९८ प्रतिशतले बढेको छ भने बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा मंगलबार नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै नागरिक लगानी कोषको रू १२ करोड १७ लाख आठ सय ३० बराबरको शेयर खरिदबिक्री भएको छ। त्यस्तै कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको दुई लाख १४ हजार पाँच सय ८३ कित्ता शेयर किनबेच भएको छ। रासस

# नेपालमा लगानी भित्र्याउन आग्रह

काठमाण्डु । लगानी बोर्डले मकाउस्थित नेपाली उद्योगी तथा व्यवसायीसँग नेपालमा लगानीको सम्भावनाबारे अन्तर्क्रिया गरेको छ। महावाणिज्य दूतावास, हङ्कङको समन्वयमा बोर्डले उद्योगी तथा व्यवसायीसँग लगानीबारे अन्तर्क्रिया गरेको हो।

कार्यक्रममा बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले नेपालमा व्यावसायिक वातावरण सुरक्षित बन्दै गएकाले लगानी गर्न आग्रह गर्नुभयो। विशेषगरी नवीकरणीय ऊर्जा र निर्माण क्षेत्रमा सहज लगानीको अवसर रहेको उहाँको भनाइ छ। नेपालमा लगानी गर्दा भविष्यको सुनिश्चितताको जिम्मा लगानी बोर्डले लिने भन्दै कार्यकारी अधिकृत भट्टले नेपालमा लगानी गर्दाको फाइदाबारे प्रकाश पार्नुभयो।

नयाँ लगानीकर्तालाई कम्पनी दर्तालगायतका कानुनी प्रक्रिया सहज बनेको भन्दै उहाँले कुनै पनि कानुनी अड्चन नहुने प्रतिबद्धता जाहेर गर्नुभयो।

कार्यक्रममा हङ्कङ महावाणिज्यदूत उदय रानामगर, एनआरएनए मकाउका कार्यवाहक अध्यक्ष रुस्तम श्रेष्ठ, नेपाली समाज मकाउका अध्यक्ष युवराज न्यौपाने, मकाउ लगानी बोर्डका अध्यक्ष चेन मेङ कामले बोल्नुभएको थियो। रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०३/२० गतेको जनकपुर टुडे तथा नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

धनुषा जिल्ला, फुलगामा गा.वि.स. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा मिति २०६८ साल फाल्गुण महिना २२ गते रोज २ मा प्रा.फ.र.नं. ६७९९/२९४/०६८/०६९ तथा आन्तरिक राजश्व कार्यालय, जनकपुरमा मिति २०६८/११/२३ मा स्थायी लेखा नम्बर (PAN) ३०५३६२५९९ अन्तर्गत दर्ता कायम भएको **जय भवानी आधुनिक फिक्स ईट्टा उद्योग।**

**प्रोप्राईटर : महेन्द्र प्रसाद यादव**

**ऋणी तथा व्यक्तिगत जमानीकर्ताको विवरण**

सुवेदार यादवको नाति, परमेश्वर यादवको छोरा, धनुषा जिल्ला, साविक देवडिहा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बस्ने **महेन्द्र प्रसाद यादव** (ना.प्र.नं. २४२४२३७५, जारी मिति २०४४/०३/१६, जि.प्र.का. धनुषा)।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. बुधन यादवको नाती, सुवेदार यादवको छोरा, धनुषा जिल्ला, साविक देवडिया गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बस्ने **परमेश्वर यादव** (ना.प्र.नं. ७५०/३४२४०९९५/२४२४०९९८, जारी मिति २०३७/०७/१७, जि.प्र.का. धनुषा)।

२. परमेश्वर यादवको बुहारी, महेन्द्र प्रसाद यादवको पत्नी, धनुषा जिल्ला, साविक देवडिया गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बस्ने **पविता कुमारी यादव** (ना.प्र.नं. २४२४२५७२, जारी मिति २०४८/१०/२८, जि.प्र.का. धनुषा)।

३. सुवेदार यादवको बुहारी, परमेश्वर यादवको पत्नी, धनुषा जिल्ला, साविक देवडिहा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बस्ने **जगेश्वरी देवी** (ना.प्र.नं. २४२४९९९, जारी मिति २०४५/०२/०५, जि.प्र.का. धनुषा)।

**धितोको विवरण**

१. **ऋणी जय भवानी आधुनिक फिक्स ईट्टा उद्योगको नाममा धितोबन्धकी कायम रही ऋणी महेन्द्र प्रसाद यादवको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** सुवेदार यादवको नाति, परमेश्वर यादवको छोरा, धनुषा जिल्ला, साविक देवडिहा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बस्ने महेन्द्र प्रसाद यादव (ना.प्र.नं. २४२४२३७५, जारी मिति २०४४/०३/१६, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक जनकपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. ३६५ को क्षेत्रफल ०-१-११-२ (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. **ऋणी जय भवानी आधुनिक फिक्स ईट्टा उद्योगको नाममा धितोबन्धकी कायम रही ऋणी महेन्द्र प्रसाद यादवको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** सुवेदार यादवको नाति, परमेश्वर यादवको छोरा, धनुषा जिल्ला, साविक देवडिहा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बस्ने महेन्द्र प्रसाद यादव (ना.प्र.नं. २४२४२३७५, जारी मिति २०४४/०३/१६, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक जनकपुर गा.वि.स./न.पा. वडा नं. १५ स्थित कि.नं. १०१ र ८२ को क्षेत्रफल क्रमशः ०-०-१७-१ र ०-०-१०-२.५ (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. **ऋणी महेन्द्र प्रसाद यादवको नाममा धितोबन्धकी कायम रही ऋणी जय भवानी आधुनिक फिक्स ईट्टा उद्योगको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** सुवेदार यादवको बुहारी, परमेश्वर यादवको पत्नी, धनुषा जिल्ला, साविक देवडिहा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बस्ने जगेश्वरी देवी (ना.प्र.नं. २४२४९९९, जारी मिति २०४५/०२/०५, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक देवडिहा गा.वि.स./न.पा. वडा नं. ३/क स्थित कि.नं. ५२९ को क्षेत्रफल ०-४-१४-० (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४. सुवेदार यादवको नाति, परमेश्वर यादवको छोरा, धनुषा जिल्ला, साविक देवडिहा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बस्ने महेन्द्र प्रसाद यादव (ना.प्र.नं. २४२४२३७५, जारी मिति २०४४/०३/१६, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक फुलगामा गा.वि.स./न.पा. वडा नं. ५ क स्थित कि.नं. १०३५, ९९, १०३४, ११९५ र ११९९ को क्षेत्रफल क्रमशः ०-३-१२.५-०, ०-३-१४-०, ०-३-१२.५-०, ०-२-६-० र ०-१-१९-० (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

५. धनुषा जिल्ला, फुलगामा गा.वि.स. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा मिति २०६८ साल फाल्गुण महिना २२ गते रोज २ मा प्रा.फ.र.नं. ६७९९/२९४/०६८/०६९ तथा आन्तरिक राजश्व कार्यालय, जनकपुरमा मिति २०६८/११/२३ मा स्थायी लेखा नम्बर (PAN) ३०५३६२५९९ अन्तर्गत दर्ता कायम भएको जय भवानी आधुनिक फिक्स ईट्टा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाइपोथिकेशन सुरक्षण।

Siddhartha Bank
शाखा कार्यालय : जनकपुर, धनुषा
फोन : ०४१-५९०८७१
Website : www.siddharthabank.com



## भुमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट
## हकदावी बारे ३५ दिने सुचना

तपसिलको जग्गाको मोही मरुवा भुनेश्वर राउत थारुले मोही लगत कटटा गरी पाउ भनी ज.ध. तर्फवाट निवेदन पर्न आएकोले कार्यवाहीको क्रममा ३५ दिने सुचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भइ मोही लगत कटटा हुनु नपर्ने भए सुचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण सहित लिखित हकदावी गर्न आउनुहोला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनुहोला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सुचनाबाट सुचित गरिन्छ।

**तपसिल**

| ज.ध. | जिल्ला | गाविस | वडा नं. | कि.न. | क्षे.फ. | मोही |
|---|---|---|---|---|---|---|
| सुरेश कुमार चौधरी | रौतहट | रंगपुर | ७ | ६६।४९४ | ०-८-० | भुनेश्वर राउत थारु रगपुर ७ |
| नरेश चौधरी | " | " | ७ | ६६।४९३ | ०-८-० | " " " " |



## हकदावीको सूचना

धनुषा जिल्ला, जनकपुरधाम वडा नं. १० मा बस्ने वर्ष ७६ को श्री सोने लाल कर्णको नाति, श्री पिताम्बर लाल कर्ण छोरो, श्री हिरानन्द लाल कर्णको यही मिति २०८०/०२/३१ गतेमा मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं ०१४०५०९०००० र ००७०५०८००१९३५५ मा रहेको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको छोराहरु राजेन्द्र लाल कर्ण र राधवेन्द्र कुमार कर्णले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदिका वाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सवूत प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ र अन्यथा माग दावी बमोजिम भई जाने ब्योहरा यसै सूचना द्वारा सूचित गरिन्छ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD
शाखा कार्यालय, जनकपुर धनुषा फोन न. ०४१५२७३७१

# बीमा बिना नै रेल संचालन

बाला खुद्दार

जनकपुरधाम। झण्डै डेढ वर्षदेखि नेपाल रेल बीमा बिना नै संचालनमा रहेको छ।

नेपाल सरकारले रेलको लागि चाहिने आवश्यक बजेट उपलब्ध नगराउँदा रेल बीमा बिना नै जयनगर कुर्था संचालन हुँदै आएको छ।

गत ०७८ चैत १२ गते देखि रेल नियमित रुपमा संचालनमा रहेको छ। भारतीय बजार जयनगरदेखि कुर्थासम्म ३५ किलो मिटर दूरीमा दैनिक दुई पटक सचालन हुँदै आएको दुई वटा रेलको बीमा बजेट अभाव हुन नसकेको नेपाल रेल्वे कम्पनीले जनाएको छ। एक पटकमा हजारभन्दा बढी यात्रु लिएर रेल गुडिरहेको छ।

दुवै रेलको बीमाको लागि चालु आर्थिक वर्षमा १५ लाख र गत आर्थिक वर्षमा ३० लाख रकम विनियोजन गरिएको थियो।

जब कि एउटै बोगी सहितको रेलको बीमा गर्नलाई ९० लाख रुपैयाँ चाहिन्छ।




यस हिसाबले दुवै रेलको बीमाका लागि १ करोड ८० लाख रुपैयाँ खर्च हुन्छ।

इन्सुरेन्सको लागि गत आर्थिक वर्षमा ३० लाख रकम विनियोजन गरिएको थियो, नेपाल रेल्वे कम्पनीका इन्जिनियर रवीन्द्र साहले भने,' रकम अपुग भएपछि इन्सुरेन्स गराउन सकिएन।

चालु आर्थिक वर्षमा पनि बीमाको लागि १५ लाख मात्रै रकम विनियोजन गरिएको छ। हामीले थप बजेट माग गरेका थियौं। तर थप बजेट अहिले सम्म आएन।' उनले आगामी आर्थिक वर्षमा बीमाका लागि रकम विनियोजन गर्ने भनेर मन्त्रालयबाट आश्वासन आएको बताए।

रेलको बीमा नभए पनि रेल दुर्घटनाग्रस्त हुँदा त्यसमा सवार यात्रुलाई नेपाल रेलको ऐन अनुसार मृतकका परिवारजनले ७ लाख क्षतिपूर्ति वापत पाउने व्यवस्था रहेको उनले बताए। तर रेलमा कुनै प्रकारको समस्या भएको खण्डमा अनावश्यक खर्चको भार पर्ने उनले बताए।

गत पुसमा वैदेही स्टेशनमा नेपाली रेलमै किचिएर यात्रु मृत्यु भएको थियो। रेल खुल्न लागेपछि उनी टिकट नै नलिइ रेलमा चढ्ने क्रममा रेलबाट लड्दा किचिएर धनुषा नगराइन नगरपालिकाका ३५ वर्षीय पूर्ण सदाको मृत्यु भएको थियो।

उक्त घटनाको छानबिनको लागि नेपाल रेल्वे कम्पनीद्वारा छानबिन तथा मृतक परिवारलाई क्षतिपूर्तिको लागि छानबिन समिति गठन गरिएको थियो। तर छानबिन समितिले मृतकको टिकट नलिइ रेलमा चढेको भन्दै मृतक परिवारलाई क्षतिपूर्ति दिएन। दैनिक हजारभन्दा बढी यात्रु रेल मार्फत ओहोरदोहर गरे पनि रेलको बीमा नगराउँदा यात्रुहरु पनि असुरक्षित रहेका छन्।

करोडौं घाटामा रहेको नेपाली रेलमा भविष्यमा कुनै प्रकारको मानवीय घटना भएको खण्डमा पीडित परिवारलाई कसरी क्षतिपूर्ति दिन्छ भनेर सर्वसाधारणले चिन्ता व्यक्त गर्ने गरेका छन्।

# बजेट पासमा ढिलाइ

टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेश सरकारको बजेट प्रस्तुत भएको २० दिन वितिसकेको छ।

निर्धारित समयमै आगामी आर्थिक वर्षको बजेट प्रस्तुत भए पनि हालसम्म संसदबाट पास हुन सकेको छैन्।

अर्थमन्त्री संजय कुमार यादवले असार १ गते प्रदेशसभामा आर्थिक वर्ष ०८०/०८१ को लागि ४४ अर्ब ११ करोड ४६ लाख रुपैयाँको बजेट प्रस्तुत गरेका थिए।

प्रदेशसभालाई सरकारले विजनेस नदिँदा बजेट पासमा अन्योलता देखिएको छ।

प्रदेशसभाका सचिव राजेन्द्र यादवले मंगलबारसम्म सरकारले विजनेस नदिएको जानकारी दिए। सरकारले विजनेस नदिएकै कारण प्रदेशसभा बैठक नबोलाइएको उनले बताए।

दश दिनपछि नयाँ आर्थिक वर्ष सुरु हुँदै छ। तर, बजेट पासमा ढिलाइ भइरहेको छ। बजेटको कार्यक्रम पुस्तिका प्रकाशनमा ढिलाइ हुँदा बजेट पासमा पनि ढिलाइ भइरहेको बुझिएको छ।




कार्यक्रम तथा योजना पुस्तिका छाप्ने जिम्मेवारी अर्थ मन्त्रालयको छ। तर, हालसम्म कार्यक्रम पुस्तिका नछापिएको हुनाले प्रदेशसभा बैठक बोलाइएको छैन्। प्रदेश सरकारका मन्त्रीहरु आर्थिक वर्षको चटारोमा छन्। वर्षभरि काम भएको भुक्तानी गराउन कागजात मिलाउनमा व्यस्त छन्। सोही कारण सरकारले प्रदेशसभा बैठक असार मसान्तमा बोलाएका छैनन्।

अर्थ मन्त्रालयका सचिव प्रेम प्रसाद भट्टराईले कार्यक्रम पुस्तिका दुई सयप्रति छापिने जानकारी दिए। उनका अनुसार प्रदेशसभा बैठक राखेकै दिन अर्थ मन्त्रालयले उक्त कार्यक्रम पुस्तिका संसदमा पठाइनेछ। त्यसपछि बजेटमाथि प्रदेशसभामा छलफल हुनेछ। बजेटमाथि छलफल प्रारम्भ भएपछि बजेट पासको प्रक्रिया अगाडि बढ्नेछ।

# सुविधा सम्पन्न अस्पताल

बख्तियार अलि

मलंगवा। स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहन बहादुर बस्नेत र खानेपानी तथा सरसफाइ मन्त्री महेन्द्र राय यादवले संयुक्त रुपमा सर्लाहीको कौडेना गाउँपालिकाको फुलपरासीमा निर्माण भएको अस्पतालको उद्घाटन गरेका छन्।

कार्यक्रममा मन्त्री यादवले काग्रेस र एमालेलाई अंकित गर्दै देशमा सुशासन र संघीय लोकतन्त्रको स्थायित्वका लागि गठन भएको छ, गठबन्धनको सरकार ५ वर्षसम्म चल्ने दावी गरे।उनले यस बाहेक अन्य कुनै विकल्प समेत नरहेको बताए।

स्वास्थ्य मन्त्री बस्नेतले आफू पदमा रहेसम्म आर्थिक अभावका कारण कुनै पनि बिरामीको अकालमा मृत्यु नहुने बताए। उपचार गराउन नसक्ने विपन्न बिरामीहरुको उपचार हामीले गराइ दिनेसमेत उनले बताए।

स र्ला हि का



कौडेना गाउँपालिकाका अध्यक्ष रुपेश कुमार यादवले निर्माण भइ उद्घाटन हुँदा उँदा धैरै खुसी लागेको बताए।

कौडेनावासीसँग मत माग्दा गरेको सबै बाचा आफ्नो कार्यकालमा पूरा गरी छाड्नेसमेत उनले दाबी गरे।

उक्त नवनिर्मित सामुदायिक अस्पताल सुचारु भएपछि कौडेनालगायत आसपासका अन्य पालिकाका जनताहरु हर्षित भएको स्थानीय रामुलाल रायले बताए।

कार्यक्रममा मधेश प्रदेश सांसद जंगिलाल राय, कौशल किशोर राय, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, कौडेना गापा उपाध्यक्ष नगीना यादव, पूर्वमन्त्री शम्भुलाल श्रेष्ठ, नेपाली काग्रेस सर्लाहीका जिल्ला सभापति सुरेन्द्र सिंह, नेपाली काग्रेस सर्लाहीका पूर्व जिल्ला अध्यक्ष लक्ष्मण राय, प्रमुख प्रशासकीय अधिकृत शम्भु प्रसाद यादव, विभिन्न राजनीति दलका नेता, गाउँपालिकाका कर्मचारी, स्थानीयलगायतको उपस्थिति रहेको थियो।

# राजदूत सङ्को अभिव्यक्ति विरुद्ध प्रदर्शन

टुडे समाचारदाता

काठमाण्डु। राष्ट्रिय एकता अभियानले चीनियाँ राजदूत छेन सङको अभिव्यक्तिको विरोध गर्दै मंगलबार काठमाण्डुको माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेको छ

नेपाल सरकारले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल ऋण र अनुदानमा निर्माण गरेको बताइ रहँदा राजदूत सङले पटक-पटक विआरआई परियोजनासँग जोडेर उक्त विमानस्थललाई बदनाम गरेको भन्दै अभियानले प्रदर्शन गरेको छ

अभियानका अध्यक्ष विनय यादवले नेतृत्व गरेको प्रदर्शनमा अभियानी रमन पाण्डेय, अभियानका वरिष्ठ नेता एम्‌ संविधान सभा सदस्य वीपि यादवलगायतको सहभागिता रहेको थियो।

प्रदर्शनपछि आयोजित सभामा अध्यक्ष यादवले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका विषयमा भइरहेको गलत प्रचार रोक्न माग गरे।

पोखरा विमानस्थलको विकासका लागि बीआरआई




फ्रेमवर्क आउनु अघि नै सम्झौता भएको स्मरण गर्दै उनले राजदूतको भनाइ र त्यसको दिर्घकालीन असरलाई लिएर नेपाली जनतामा चिन्ता र अन्योल बढाएको बताए।

यस्तै,अभियानी रमन पाण्डेयले यदि वास्तवमा चीन नेपालको हितैषी हो भन्ने चीनले पनि ऋण होइन अन्य मित्र राष्ट्र जस्तै नेपाललाई अनुदान सहयोग दिनुपर्छ तर चीनले कम्युनिस्ट नेताहरुको सहयोग र कमिसनमा बी. आर.आईको ऋण जालमा नेपाललाई फसाउन खोजेको आरोप लगाए।

अनुदानमा बनेको पोखरा अन्तराष्ट्रीय एयरपोर्टलाई बिआरआईको पार्ट भन्नु चीनको विस्तारवादी योजना रहेको बताए।

कार्यक्रममा अभियानका वरिष्ठ नेता एम्‌ संविधान सभा सदस्य वीपि यादवले बी. आर. आई. चीनको षड्यन्त्र हो बताए।

यसअघि अभियानले राजदुत सङलाई स्पष्टिकरण सोध्न माग गर्दै परराष्ट्रमन्त्री एनपी साउदलाई ज्ञापनपत्र समेत बुझाएको थियो।

११ असारमा बुझाइएको ज्ञापनपत्रमा राजदुत सङले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका विषयमा गलत प्रचार गरेकाले स्पष्टिकरण माग गरेको थियो।

'ड्रागन बोट रेसमा सहभागी हुन नेपाल आएका चिनियाँ पाहुनालाई स्वागत गर्न पोखरा पुगेका नेपालका लागि चीनियाँ राजदूतले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) को हिस्सा भएको बताए' ज्ञापनपत्रमा भनिएको थियो-'तर, पोखरा विमानस्थलको विकासका लागि बीआरआई फ्रेमवर्क आउनु अघि नै सम्झौता भएको थियो। राजदूतको भनाइ र त्यसको दिर्घकालीन असरलाई लिएर नेपाली जनतामा चिन्ता र अन्योल बढाएको छ।'

'कुन आधारमा राजदूतले यस्तो दाबी गरे र यो नेपाल सरकारको आधिकारिक अडानसँग मेल खान्छ कि खादैन भन्ने यकिन गर्न आवश्यक छ' अध्यक्ष यादवले पत्रमा भनेका थिए-'यस विषयमा सोधिएको स्पष्टिकरणले मात्र सबै खाले भ्रमलाई चिर्न र हाम्रा दुई राष्ट्रबीचको द्विपक्षिय सम्बन्धमा पारदर्शिता सुनिश्चित गर्न मद्दत गर्नेछ।'

# सयभन्दा बढी मोबाइल बरामद

टुडे समाचारदाता

जनकपुरधाम। धनुषा प्रहरीले अनलाइन फर्म सुरु गरेपछि चोरी भएको मोबाइल बरामद हुने काम प्रभावकारी हुन थालेको छ।

चालु आर्थिक वर्षमा मात्रै धनुषा प्रहरीले दुई सय ५५ वटा चोरीको मोबाइल बरामद गरेको छ।

धनुषाक प्रहरी नायव उपरीक्षक (डिएसपी) वेद प्रसाद गौतमका अनुसार करीब ५० जना चोर समेत पक्राउ गरिएको थियो। तर सम्पत्ति धनीले जाहेरी नदिँदा उनीहरुमाथि अभद्र व्यवहार मुद्दा चलाइएको उनले बताए। पक्राउ परेकाहरु धरौटीमा रिहा भइसकेका छन्। हाल तीन जना मात्रै थुनामा रहेका छन्।

प्रहरी निरीक्षक नवराज खड्काले गत भदौदेखि मोबाइल चोरी घटनामा अनलाइन फर्म सुरु गरिएको बताए।

उनका अनुसार मोबाइल चोरी भएपछि प्रहरीमा पीडितले लिखित जाहेरी दिन्छन्। त्यसपछि उनको वा उनको घरको एक जनाको मोबाइलमा उक्त फर्म सेटअप गरिन्छ।

त्यसमा चोरीको ठाउँ र हराएको मोबाइलको आइएमइ कोड राखिएको हुन्छ।



उक्त हराएको वा चोरी भएको मोबाइलमा सिम प्रयोग गर्ने वित्तिकै सेटअप गरिएको मोबाइलमा इमेलमार्फत सिम प्रयोग भएको जानकारी जान्छ।

'मोबाइलमा इमेल गएपछि पीडित प्रहरीमा आउँछ।प्रहरीले दुर-सञ्चारसँग समन्वय गरी सिम धनीलाई पत्ता लगाएर अनुसन्धान सुरु गर्छन,'उनले भने,'कहिले काहीं चोरले बिक्री गरिसकेको हुन्छ। दोहोरो तेहोरो ह्याण्डसम्म पुगिसकेको हुन्छ। त्यसपछि हामीले कल डिटेलको आधारमा अनुसन्धान गर्छौ।' तर, कहिले काहीं वास्तविक चोरलाई पक्राउ गर्न नसकिए पनि चोरी भए सिम प्रयोग गरिने अधिकांश मोबाइल फेला पार्ने गरेको उनको दावी छ।

'चोरले भारतमा बिक्री गरेको र सिम प्रयोग नगर्ने मोबाइल बरामदमा केही कठिनाइ हुन्छ,'उनले भने,'तर कहिले काहीं अर्को मोबाइल चोरीको घटनामा पक्राउ पर्दा उनले चोरी गरेको सबै पृष्ठभूमि लिएर पनि फेला पर्ने गरिन्छ।'

मंगलबार पनि प्रहरीले विभिन्न ब्राण्डका पाँच वटा चोरीको मोबाइलसहित एक जना चोरलाई पक्राउ गरेको छ।

जनकपुरधाम उपमहानगरपालिका ४ क्याम्पस चोकबाट वडा नम्बर २३ का ३५ वर्षीय रवीन्द्र मुखियालाई पक्राउ गरिएको छ। पक्राउ परेका मुखियामाथि प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

# बालकको मृत्यु

टुडे समाचारदाता

मलंगवा। सर्लाहीमा नहरमा डुबेर एक बालकको मृत्यु भएको छ। जिल्लाको बागमती नगरपालिका-८ सोल्टीमा नहरले बगाएर एक बालकको मृत्यु भएको छ।

बागमती-१० नयाँबस्ती घर भइ सोल्टी बजारमा डेरा गरेर पसल सञ्चालन गर्दै आएका अनिल बिक्का चार वर्षीय छोरा दिक्षान्तको नहरले बगाएर मृत्यु भएको प्रहरीले जनाएको छ।

पोखरी खेल्ने क्रममा एक्कासी बागमती सिँचाइ आयोजनाको नहरमा खसेर बेपत्ता भएका बालकलाई केहीबेरपछि स्थानीय र प्रहरीले उद्धार गरेका थिए।

उनलाई भेनस अस्पताल बरहथवामा सामान्य उपचार गरी थप उपचारका लागि सस्वती अस्पताल हरिवन ल्याउँदा चिकित्सकले मृत घोषणा गरेका इलाका प्रहरी कार्यालय बरहथवाले जनाएको छ।

# लागूऔषधसहित तीन जना पक्राउ

रञ्जन यादव

कलैया। बारामा यात्रुवाहक बसमा लागूऔषध गाजाँसहित तीन जना पक्राउ परेका छन्।

जिल्लाको निजगढ नगरपालिका वडा नम्बर ११ उनासिकिलो पुल स्थित पूर्व पश्चिम लोकमार्गबाट लागूऔषध गाजाँसहित उनीहरु पक्राउ परेका छन्।

पूर्व पश्चिम लोकमार्ग सडक खण्डमा खटिएको चेकिङ टोलीले पोखराबाट जनकपुरतर्फ जाँदै गरेको ग १ ख ९९२८ नम्बरको बसमा सवार धनुषा जिल्लाको ढल्केबर नगरपालिका वडा नं. ७ केमलीपुरका ३० वर्षीय राम पुकारी साहलाई अन्दाजी ६ किलो ५०० ग्राम गाजाँ भोलामा लुकाइ छिपाइ राखेको अवस्थामा पक्राउ गरेको छ।



त्यसपछि प्रहरीले त्यही बसमा सवार चालक र सह चालकलाई पनि पक्राउ गरेको छ।

पक्राउ पर्नेमा चालक पर्वत कुश्मा नगरपालिका वडा नम्बर ८ का ४५ वर्षीय कमल दमाइ र तनहुँ व्यास नगरपालिका - ११ का २१ वर्षीय अमित लम्साल सहचालकलाई नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायव उपरीक्षक पुरुषोत्तम प्रसाद पाण्डेले जानकारी दिए।

पक्राउ परेकामाथि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।


## आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com


# सन्त भवनका लागि आर्थिक सहयोग

टुडे समाचारदाता

काठमाण्डु। नेपाल एसबिआई बैंकको दमौली शाखाले व्यास नगरपालिका-३ स्थित व्यास गुफा परिसरमा निर्माणाधीन सन्त भवन तथा अन्य निर्माण कार्यको लागि आर्थिक सहयोग गरेको छ बैंकले उक्त सहयोग वेदानुयायी प्रतिष्ठान नेपाल, केन्द्रीय कार्यालय व्यास गुफा तनहुँ मार्फत असार १७ गते एक कार्यक्रम गरी चेक हस्तान्तरण गरेको छ

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकका गण्डकी प्रदेश प्रमुख सुशील चन्द्र महतले रकम वेदानुयायी प्रतिष्ठान नेपालका मुल संरक्षक दामोदर बाबालाई हस्तान्तरण गरेका छन्।




सहयोग स्वरूप प्राप्त रकमलाई व्यास गुफामा निर्माणाधीन सन्त भवन तथा अन्य निर्माण कार्यमा प्रयोग गरिने वेदानुयायी प्रतिष्ठान नेपालका मुल संरक्षक दामोदर बाबाले बताए। बैंक ९३ शाखा, २२ एक्स्टेन्सन काउन्टर, ७ प्रादेशिक कार्यालय तथा १ कर्पोरेट अफिसका साथै १२० एटिएमबाट आफ्नो सेवा प्रदान गर्दै आएको छ

# चित्रकला प्रतियोगिता

टुडे समाचारदाता

जनकपुरधाम। साइवर सुरक्षा, यौनिकता तथा बालबालिका संरक्षण" सम्बन्धी चित्रकला प्रतियोगितामा सरस्वती माध्यमिक विद्यालयले प्रथम स्थान प्राप्त गरेको छ।

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सहयोग तथा जनकपुरधाम उपमहानगरपालिकाको सहकार्यमा प्याक नेपालले आयोजना गरेको उक्त प्रतियोगितामा सरस्वती माविका विद्यार्थीहरुले प्रथम स्थान प्राप्त गर्न सफल भएको छ।

त्यसैगरी, जनकपुरधामका संकट मोचन माविका दोस्रो र राजर्षि जनक माविका विद्यार्थीहरुले तेस्रो स्थान र माध्यमिक विद्यालय सोहनी मुजेलियाले चौथो स्थान प्राप्त गरेको छ।

प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने विद्यालयलाई शिल्डसहित




विद्यार्थीहरुलाई कलम कपीसहित पुरस्कृत गरिएको थियो।

प्रतियोगितामा जनकपुरधामका उपमेयर किशोरी साहले बढ्दो गएको साइवर क्राइमको बारेमा प्रतियोगितामार्फत विद्यार्थीहरुमा जनचेतनामा वृद्धि हुने बताए।

विद्यालय पढ्ने गरेका छात्रछात्राहरुको साइवर सुरक्षा, यौनिकता तथा बालसंरक्षण विषयमा जनचेतना हुनु अहिलेको आवश्यकता रहेको बताए।

राजर्षि जनक माविका प्रधानाध्यापक विनोद साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्याक नेपालका कार्यकारी निर्देशक सुनिल यादवले आधुनिकतासँगै साइबर सुरक्षा सम्बन्धी चुनौतीहरु बढ्दै गएको अवस्थामा विद्यालय स्तरबाटै बालबालिकालाई यस विषयमा जानकारी हुनु अति आवश्यक रहेको बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८